# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३४३ | काठमाडौं | बिहीबार, २९ चैत २०८० | Prabhab National Daily | Thursday, April 11, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## देउवाले गुपचुप राखेको प्रतिवेदन ६ वर्षपछि सार्वजनिक

### ४२ जनामाथि मेडिकल शिक्षाका माफियाको मतियार बनेको आरोप

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री रहेको बेला बुझाइएको चिकित्सा शिक्षासम्बन्धी प्रतिवेदन शिक्षामन्त्री सुमना श्रेष्ठले सार्वजनिक गरेकी छन्। बुधबार शिक्षामन्त्री श्रेष्ठले 'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग-२०७४' को प्रतिवेदन सार्वजनिक गरेकी हुन्।

प्रतिवेदनमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्का पदाधिकारीले मेडिकल कलेज सम्बन्धन दिँदा बदमासी गरेको भन्दै कारबाहीको सिफारिस गरेको खुलेको छ। प्रतिवेदनको सिफारिसअनुसार तत्काल कार्यान्वयन सुरु हुने मन्त्रालयले जनाएको छ। मन्त्रालयले प्रतिवेदन सार्वजनिक गरी सिफारिसअनुसार कडाइका साथ कार्यान्वयनमा लैजाने निर्णय गरेको हो। जसअनुसार ४२ जना उच्च पदस्थ अधिकारीहरू कारबाहीमा पर्ने भएका छन्।

सरकारले २०७४ वैशाख ४ गते विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग, २०७४ गठन गरेको थियो। आयोगमा डा. उपेन्द्र देवकोटा सदस्य र शिक्षा मन्त्रालयका तत्कालीन सहसचिव सूर्यप्रसाद गौतम सदस्यसचिव थिए। उक्त आयोगले २०७४ माघमा तत्कालीन प्रधानमन्त्री देउवालाई प्रतिवेदन बुझाएको थियो। तर उक्त प्रतिवेदन गुपचुप राखिएको थियो।

आयोगका सदस्य देवकोटाको पाँच वर्षअघि नै निधन भइसकेको छ भने सदस्यसचिव गौतम सचिव हुँदै अवकाश पाइसकेका छन्। त्यतिबेला डाक्टर गोविन्द केसीले प्रेस विज्ञप्ति जारी गर्दै जाँचबुझ आयोगले दोषी ठहर्‍याएकाहरूलाई तत्काल बर्खास्त नगरे कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका थिए।


तीर्थ खनियाँ


सुधा त्रिपाठी


डिल्ली उप्रेती

- त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति तीर्थ खनियाँ, सदस्य सुधा त्रिपाठी, रजिस्टार डिल्ली उप्रेतीसहित ४२ जनालाई कारबाही गर्न सिफारिस
- कारबाहीको सिफारिसमा परेकाहरु नेसनल मेडिकल कलेज, जानकी मेडिकल कलेज र विराट मेडिकल कलेजलाई सम्बन्धन दिँदा मतियार बनेको आरोप
- २०७४ वैशाख ४ गते विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरिएको तीन सदस्यीय चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगले सोही वर्षको माघमा तत्कालीन प्रधानमन्त्री देउवालाई प्रतिवेदन बुझाएको थियो

#### तीर्थ खनियाँदेखि लोकमानसम्म

शिक्षा मन्त्रालयले बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति तीर्थ खनियाँ, सदस्य सुधा त्रिपाठी, रजिस्ट्रार डिल्ली उप्रेतीसहित ४२ व्यक्तिलाई भविष्यमा सरकारी काममा लगाउन नमिल्नेगरी कारबाही गर्न सिफारिस गरेको देखिन्छ।

उनीहरूलाई तत्काल बर्खास्त गर्ने र भविष्यमा सरकारी र अर्धसरकारी लाभको पदमा नियुक्ति नगर्न आयोगले सिफारिस गरेको पाइएको छ। खानियाँ, त्रिपाठी र उप्रेतीले अस्पताल सञ्चालनका लागि स्वीकृतिसमेत नपाएको काठमाडौं नेसनल मेडिकल कलेज (प्रस्तावित) लाई सम्बन्धन दिन मुख्य भूमिका खेलेको प्रतिवेदनमा उल्लेख छ। खानियाँ पछिल्लो समय पनि त्रिविको उपकुलपति बन्ने दौडमा थिए।

त्रिविका कानुनी सल्लाहकार रहेका अधिवक्ता नारायण खनालले कानुनविपरीत सम्बन्धन दिलाउने कार्यमा सबै पदाधिकारीलाई गलत राय दिएकोले भविष्यमा कुनै पनि सरकारी र संवैधानिक नियुक्ति पाउन अयोग्य हुनेगरी सिफारिस गरिएको थियो।

अख्तियारका पूर्वप्रमुख लोकमानसिंह कार्कीले आफ्नो संवैधानिक पदको दूरूपयोग गरी काठमाडौं युनिभर्सिटी (केयू)मा सञ्चालित परीक्षमा हस्तक्षेप गरेको आरोप प्रतिवेदनमा उल्लेख छ।

त्रिविका पूर्व उपकूलपति हिराबहादुर महर्जनले आफ्नो कार्यकालमा विद्यापरिषद्को अधिकार खोसेको, नेसनल मेडिकल कलेजको सम्भाव्यता अध्ययन गर्न पठाई इच्छानुकूल प्रतिवेदन पेस गर्न लगाएको, तत्कालीन कुलपति एवं प्रधानमन्त्री सुशील कोइरालाको उपस्थितिमा विज्ञहरूको बैठकले गरेको निर्णयलाई जानाजान उपेक्षा गरेको आरोप लगाइएको छ।

(क्रमशः पृष्ठ २ मा)

## राष्ट्रिय सभाको उपाध्यक्षमा घिमिरे



**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाको उपाध्यक्षमा नेकपा एमालेकी सांसद विमला घिमिरे निर्वाचित भएकी छन्। राष्ट्रिय सभाको बुधबारको बैठकमा उपाध्यक्ष पदको मतविभाजनका माध्यमबाट सम्पन्न निर्वाचनमा ३९ मतसहित घिमिरे निर्वाचित भएकी हुन्।

सभाका अध्यक्ष नारायणप्रसाद दाहालले घिमिरे निर्वाचित भएको घोषणा गर्दै बधाई तथा शुभकामना व्यक्त गरे। उक्त मतविभाजन प्रक्रियामा ५५ जना सांसद सहभागी भएका थिए। एमालेका सांसद घिमिरेलाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा ३९ सांसदले मतदान गरे। यस्तै उक्त प्रस्तावमा हुन्न भन्नेमा १६ मत परेको थियो।

उक्त पदमा नेपाली कांग्रेसका सांसद विष्णुदेवी पुडासैनीको पक्षमा १६ र विपक्षमा ३९ मत परेको थियो। अध्यक्ष दाहालले बहुमत प्राप्त नगरेपछि सांसद पुडासैनीलाई उपाध्यक्ष पदका लागि अस्वीकृत भएको घोषणा गरेका थिए।

नवनिर्वाचित उपाध्यक्ष घिमिरेले बुधबार नै राष्ट्रपति रामचन्द्र पौडेलको समुपस्थितिमा पद तथा गोपनीयताको शपथ लिएकी छन्। राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित एक समारोहकाबीच राष्ट्रिय सभाका अध्यक्ष दाहालसमक्ष उपाध्यक्ष घिमिरेले पद तथा गोपनीयताको शपथ लिएकी हुन्। नवनिर्वाचित उपाध्यक्ष घिमिरेले उपाध्यक्ष साझा पद भएकाले सबैलाई मिलाएर तटस्थ र निष्पक्ष भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

(क्रमशः पृष्ठ २ मा)

## गण्डकीका मुख्यमन्त्रीलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न आदेश



**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश गरेको छ। न्यायाधीश विनोद शर्माको एकल इजलासले बुधबार निवेदनको टुंगो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्न अन्तरिम आदेश गरेको हो।

'नेपालको संविधानको धारा १८६ को अवस्थामा मात्र निर्णायक मत दिन सक्नेमा निजको संख्यासमेत गणना गरी मुख्यमन्त्री पदमा गरिएको दाबीको आधारमा प्रत्यर्थी खगराज अधिकारीलाई नियुक्त गरिएको छ,' आदेशमा भनिएको छ, 'संवैधानिक व्याख्याको प्रश्न, संसदीय अभ्यास, यस अदालतबाट स्थापित सिद्धान्तलगायतका विषयमा निरूपण हुन आवश्यक देखिएकाले तर सरकारको शून्यताको अवस्था सिर्जना हुन दिनसमेत नमिल्ने हुँदा प्रदेश सरकारका नियमित कार्य सञ्चालनबाहेक प्रत्यर्थी खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन पत्र टुंगो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्नू नगराउनू।'

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

### कोरियन भाषा परीक्षाको नतिजा

## उत्पादनमूलक क्षेत्रका लागि ६३२१ जना उत्तीर्ण

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरिया उत्पादनमूलक क्षेत्रका लागि नेपाली कामदार लैजान लिइएको इपिएस कोरियन भाषा परीक्षामा साढे १५ प्रतिशत परीक्षार्थीमात्र उत्तीर्ण भएका छन्। वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका अनुसार एचआरडी कोरिया शाखाले सार्वजनिक गरेको पहिलो चरणको नतिजामा छ हजार ३२१ जनामात्र उत्तीर्ण भएका छन्।




एचआरडी कोरिया शाखाले गएको फागुन ७ गतेदेखि चैत २४ गतेसम्म लिएको परीक्षामा ४० हजार ५८० जना सहभागी भएका थिए। जसअनुसार परीक्षामा सहभागीमध्ये १५.५७ प्रतिशतमात्र उत्तीर्ण भएका छन्। इपिएस कोरिया शाखाले एक सूचना जारी गरी पहिलो चरणको परीक्षामा उत्तीण भएकाहरूलाई दोस्रो चरणको परीक्षामा सहभागी हुने आग्रह गरेको छ। दोस्रो चरणमा स्किल टेस्ट र कम्पिटेन्सी टेस्ट गरिन्छ। शाखाले पहिलो चरणको परीक्षामा पास भएकाहरूको हकमा २०८१ वैशाख ९ गतेदेखि १५ गतेसम्म दोस्रो चरणको परीक्षा हुने जानकारी दिएको छ।

दोस्रो चरणको परीक्षा ललितपुरको जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा हुने शाखाले जनाएको छ। शाखाले परीक्षार्थीहरूलाई आफ्नो तोकिएको परीक्षा मिति, समय, र स्थान परिवर्तन गर्न नसक्ने जनाउँदै तोकिएको समयमा उपस्थित हुन आग्रह गरेको छ। तोकिएको मिति र समयभन्दा पछि आएमा प्रवेश नदिइने पनि शाखाले प्रस्ट पारेको छ। दोस्रो चरणको परीक्षामा सहभागी हुने परीक्षार्थीले आफ्नो सक्कल पासपोर्ट र प्रवेशपत्र अनिवार्य रूपमा लिनुपर्ने पनि सूचनामा उल्लेख गरिएको छ। अन्यथा परीक्षा स्थलमा प्रवेश नगराइने कोरिया शाखाले जनाएको छ।

दोस्रो चरणको स्किल टेस्ट र कम्पिटेन्सी टेस्टमा सहभागी नहुने परीक्षार्थीको नाम उत्पादनमूलक क्षेत्रको भाषा परीक्षाको उत्तीर्ण सूचनीमा समावेश नगराइने पनि शाखाले जनाएको छ। उत्पादनमूलक क्षेत्रमा जानका लागि एक लाख ६३ हजार ६३५ जनाले आवेदन फाराम भरेका थिए। जसमध्ये पहिलोचरणको परीक्षामा ४० हजार ५८० जनालाई सहभागी गराइएको थियो। अब दोस्रो चरणमा ७९ हजार ९३७ जनाको परीक्षा लिइने शाखाले जनाएको छ। उक्त परीक्षा आगामी वैशाख ३१ गतेदेखि साउन १६ गतेसम्म चल्ने छ। यसैगरी आगामी कात्तिक २६ गतेदेखि पुस २ गतेसम्म लिइने तेस्रो चरणको परीक्षामा ३६ हजार १७९ जना परीक्षार्थी सहभागी हुने जनाइएको छ।

रोजगारीको आकर्षक गन्तव्य दक्षिण कोरियामा जिटुजी सम्झौताअनुसार इपिएस प्रणालीमार्फत नेपाली कामदार पठाउने व्यवस्था छ। त्यसका लागि भाषा परीक्षा अनिवार्य उत्तीर्ण भएको हुनुपर्छ। भाषा परीक्षापछि लिइने स्किल टेस्टमा उत्तीर्ण भएकालाई मात्र रोजगारीमा लैजाने सूचीमा राखी प्रक्रिया अगाडि बढाउने गरिएको छ।

## 'सुरक्षित आन्तरिक रोजगारी पहिलो प्राथमिकतामा'



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले सुरक्षित आन्तरिक रोजगारीलाई मन्त्रालयले पहिलो प्राथमिकतामा राखेको बताएका छन्।

'डेमोक्रेसी मिडिया नेटवर्क'ले बुधबार काठमाडौंमा आयोजना गरेको 'श्रम बजार, आप्रवास र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री अर्यालले देश बन्नका लागि मुलुकभित्रै रोजगारी सिर्जना हुनुपर्नेमा जोड दिए। उनले रोजगारी सिर्जना गर्न निजी क्षेत्रलाई संरक्षणसहित प्रोत्साहन गर्नुपर्ने बताए।

'सरकारले अनुमति दिएर सञ्चालन भएका निजी क्षेत्रलाई सरकारले नै संरक्षण गरी प्रोत्साहित गर्नुपर्छ। निजी क्षेत्र बलियो भएपछि नै आन्तरिक रोजगारी वृद्धि हुन्छ,' मन्त्री अर्यालले भने, 'त्यसैले निजी क्षेत्रसँग सहकार्य गरी अगाडि बढ्न मन्त्रालय सधैं तयार छ।'

आन्तरिक रोजगारीका लागि मन्त्रालयले तालिमलाई जोड दिएको उनको भनाइ थियो। 'मन्त्रालयअन्तर्गत भैँसेपाटीमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान छ। त्यहाँ हामीले छ महिनाभन्दा कम अवधिको तालिम प्रदान गर्ने योजना बनाएका छौं। त्यस्तै, शिक्षा मन्त्रालयअन्तर्गत रहेको सिटिइभिटीसँग पनि समन्वय गरी हरेकलाई सीप सिकाउनुपर्छ भन्नेमा हामी छौं,' उनले भने।

आगामी दिनमा कोही वैदेशिक रोजगारीमा जान चाहे पनि सीप सिकेर मात्रै जानुपर्ने अवस्थाको सिर्जना गर्ने कार्यमा बहस चलाउन मन्त्री अर्यालले सबैलाई आग्रह गरे।




मानवअधिकार आयोगको आग्रह-

# स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर्नू




**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर्न तीनै तहका सरकारसँग आग्रह गरेको छ । आयोगले स्वच्छ र स्वस्थ वातावरणको सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेका प्रावधानको कार्यान्वयन गर्न तीनै तहका सरकारलाई अपिल गरेको हो ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा विगत केही वर्षदेखि नेपाल वायु प्रदूषित हुने देशको विश्वव्यापी सूचीको अग्रस्थानमा परिरहेको र यस वर्ष पनि उक्त सूची दोहोरिन गएकाले नागरिकको स्वास्थ्यमा पर्नसक्ने असरप्रति ध्यानाकर्षण भएको उल्लेख छ । 'वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वायु प्रदूषणबाट हुने असर न्यूनीकरण वा निराकरण गर्न आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने उल्लेख छ,' विज्ञप्तिमा भनिएको छ, 'तर गुणस्तरीय वायुसहित नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको हकको सुनिश्चितताका लागि तीनै तहका सरकारको प्रयासका बावजुद नागरिकको जीवनको अधिकार प्रत्याभूत हुन नसकेको उल्लिखित तथ्यांकबाट देखिन्छ ।'

पछिल्लो समय बढ्दै गइरहेको वायु प्रदूषण र यसबाट नागरिकको स्वास्थ्यमा परिरहेको असरबारे आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको प्रवक्ता पोखरेलले जानकारी दिए । वन डढेलो, ग्रामीण क्षेत्रमा इन्धनको रूपमा काठ दाउरा तथा गुइँठाको प्रयोग, पेट्रोल तथा डिजेलजन्य सवारीसाधनको प्रयोग, पुराना सवारीसाधन, उद्योगधन्दा, अन्तरदेशीय वायु प्रदूषणलगायत आदिका कारण काठमाडौं उपत्यकालगायत देशभरिका अधिकांश स्थानमा वायु गुणस्तरको पिएम २.५ र पिएम १० को तह राष्ट्रिय तथा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डभन्दा निकै बढी रहेको तथ्यांक बुधबार पनि सार्वजनिक भएको छ ।

प्रारम्भिक अनुगमनका क्रममा नेपालमा स्थापित वायु गुणस्तर मापन गर्ने २७ संयन्त्रमध्ये १५ संयन्त्रले काम नगरेको जानकारी प्राप्त भएको छ । तोकिएको मापदण्डभन्दा उच्च वायु प्रदूषणले विशेषगरी दीर्घरोगी, ज्येष्ठ नागरिक, बालबालिका, नवजात शिशु, गर्भवती, अपांगता भएका व्यक्तिलगायतको स्वास्थ्यको अधिकारमा गम्भीर असर परेको छ ।

वायु प्रदूषणका कारण विश्वमा प्रतिवर्ष ७० लाख नागरिकको मृत्यु भइ जीवनको अधिकारबाटै वञ्चित भएको अध्ययनबाट देखिएको छ । नेपालमा प्रतिवर्ष ४२ हजारभन्दा बढी नागरिकले वायु प्रदूषणका कारण मृत्युवरण गर्नुपर्ने बाध्यता रहेको आयोगले जनाएको छ । काठमाडौं उपत्यकामा मात्रै प्रतिवर्ष पाँच हजारभन्दा बढीको मृत्यु वायु प्रदूषणका कारण भइरहेको पाइएको छ । मुख्यगरी दीर्घकालीन फोक्सोको रोग, मुटुको रोग, मस्तिष्कघात, श्वासप्रश्वास प्रणालीमा संक्रमण आदि स्वास्थ्य समस्या हुने गरेको अनुगमनका क्रममा देखिएको छ ।

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रूपमा उल्लेख गर्दै प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको व्यवस्था गरिएको छ ।

# वन डढेलो संकट घोषणा गर्न माग

**काठमाडौं (प्रस)–** नेपाल वन प्राविधिक संघ (एनएफए) ले वन ढडेलो संकट घोषणा गर्न सरकारसमक्ष माग गरेको छ । बुधबार प्रेस विज्ञप्ति जारी गर्दै बढ्दो वन डढेलो नियन्त्रणका लागि संकटकाल घोषणा गर्न माग गरेको हो ।

महासंघका अध्यक्ष राकेश कर्णले वन डढेलोका कारण देशव्यापी रूपमा प्रभाव परेको, वातावरणीय प्रदूषण बढिरहेकोले वनलाई डढेलोबाट जोगाउन आवश्यक रहेको बताएका छन् । 'वन डढेलोको कारण वनविनास भएको छ, बस्ती जोगाउनै मुस्किल भएको छ,' उनले भने, 'वन डढेलो नियन्त्रणका लागि आधुनिक प्रविधि जुटाउन र संकट घोषणा गर्न आवश्यक छ ।' उनले वन डढेलो नियन्त्रणको क्रममा मृत्यु हुने नेपाली सेनाका जवानप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरे ।

प्राकृतिक स्रोत संरक्षण कार्य चुनौतीपूर्ण रहेको डोल्पाको घटनाले प्रस्ट पारेको उनको भनाइ छ । कर्णाली प्रदेशको डोल्पा जिल्ला ठूलीभेरि नगरपालिका वडा नं ३ र ४, तिन्नाको मस्टा भवानी सामुदायिक वनमा लागेको वन डढेलो नियन्त्रण गर्ने क्रममा मंगलबार डोल्पास्थित देवीदत्त गुल्ममा कार्यरत ३८ वर्षीय जमदार केशवबहादुर जागा मगर, सिपाहीहरू २२ वर्षीय हेमन्त रावत र ३८ वर्षीय आशिष बुढाको मृत्यु भएको थियो । विजय कोइराला गम्भीर घाइते भई काठमाडौंमा उपचारत छन् । वन डढेलो नियन्त्रण गर्ने क्रममा नेपाली सेनाका जवानलाई संरक्षण सहिद घोषणा गर्न र घाइतेको निःशुल्क उपचार गर्न एनएफएले माग गरेको छ । मृतकको परिवारजनलाई राहत उपलब्ध गराउनसमेत माग गरिएको छ ।

# गर्मीसँगै बढ्दै आगलागीका घटना

**बलेवा (बागलुङ)–** गर्मी बढेसँगै जिल्लाभरि आगलागीका घटना पनि बढ्दै गएका छन् । जिल्लाका १० वटै स्थानीय तहमा रहेका सामुदायिक र सरकारी वनमा आगलागीका घटना बढिरहेको प्रहरीले जनाएको छ ।

मंगलबार साँझ ५:३० बजेको थियो । डिभिजन वन कार्यालय बागलुङका प्रमुख सरोज पन्थी बागलुङ नगरपालिका-३ र ९ को बीचमा पर्ने काठेखोला आसपासका वन क्षेत्रमा भइरहेको आगलागी नियन्त्रण गरिरहेको अवस्थामा भेटिए । प्रहरी र स्थानीय सर्वसाधारणसँगै वनका कर्मचारी आगो नियन्त्रणको प्रयास गरिरहेका थिए ।

काठेखोलाको किनारबाट सुरु भएको आगोले बागलुङ नगरपालिकाका दुवै वडाका बस्तीहरू ताकिरहेको देखिन्थ्यो । बस्ती जोगाउन सर्वसाधारण र सरोकारवालालाई हम्मेहम्मे परिरहेको थियो । मंगलबार एकै दिन जिल्लाका दर्जन बढी वनजंगल क्षेत्रमा आगलागी भएको थियो । केही ठाउँमा आगो नियन्त्रणमा आएको छ भने केही जंगल क्षेत्रमा अझै आगो फैलिएको छ ।

बागलुङ-१० भकुण्डे, ताराखोला गाउँपालिका-१ र २, गलकोट नगरपालिका-९ का वनक्षेत्र र बागलुङ-१४ को कैयामुनिको भिर क्षेत्रलगायत वन तथा पाखाहरूमा आगलागी भएको डिभिजन वन अधिकृत पन्थीले जानकारी दिए । गर्मी सुरु भएसँगै जंगल क्षेत्रमा आगलागी सुरु भएको उनको भनाइ छ । आगलागीका कारण बस्तीहरू समेत जोखिममा परेका भन्दै बागलुङमा रहेका ५४० सामुदायिक वनमध्ये अधिकांश वन क्षेत्रमा आगलागी भइसकेको पन्थीले जानकारी दिए । उनका अनुसार गर्मी याम सुरु भएलगत्तै बागलुङमा आगलागीका घटना बढिरहेका छन् ।

बढ्दो आगलागीका कारण बागलुङको वातावरण धुवाँमय बन्दा वायु प्रदूषण बढिरहेको छ । प्रायः दिनहुँजसो जिल्लाका विभिन्न स्थानमा रहेका व्यक्तिगत खरबारीमासमेत आगलागी भइरहेका छन् । अधिकांश घटनामा मानवीय लापरबाही बढी देखिएको डिभिजन वन कार्यालयले जनाएको छ । सोमबारमात्रै ताराखोला-२ सिलेस्थित नुनथला सामुदायिक वनमा आगलागी हुँदा स्थानीयका गोठ जलेका छन् । *रासस*

# सार्कलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता



**काठमाडौं (प्रस)–** संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमणमा रहेका दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का महासचिव गोलाम सरवारले संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेर्रेससँग राष्ट्रसंघीय मुख्यालय न्युयोर्कमा शिष्टाचार भेट गरेका छन् ।

सार्कका महसचिवलाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै महासचिव गुटेर्रेसले विश्व जनसंख्याको ठूलो हिस्सा ओगटेको सार्क क्षेत्रसँग संयुक्त राष्ट्रसंघले सहकार्य गर्न चाहेको बताए । उनले सार्कसँग साझेदारी गर्न आफू तयार रहेको बताउँदै निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

सार्क सचिवालयका अनुसार महासचिव सरवारले राष्ट्रसंघबाट सार्कलाई निरन्तर सहयोग एवं समर्थनप्रति प्राप्त भएकामा कृतज्ञता व्यक्त गरेका थिए । सार्क संयुक्त राष्ट्रसंघको पर्यवेक्षक संस्था हो । सन् २००४ मा राष्ट्रसंघले सार्कलाई उक्त दर्जा प्रदान गरेको हो ।

राष्ट्रसंघका महासचिव गुटेर्रेससँगको भेटमा महासचिव सरवारले दुवै संस्थाबीच सम्बन्ध विस्तारका साथै जलवायु परिवर्तन, खाद्य सुरक्षा, नवीकरणीय ऊर्जाका क्षेत्रमा सहयोग बढाउनेबारेमा छलफल गरेका सार्क सचिवालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

# 'सीमाको समस्या समाधानमा ठोस पहल आवश्यक'

**कीर्तिपुर (प्रस)–** सीमाविद् बुद्धिनारायण श्रेष्ठले ठोस कूटनीतिक पहलमार्फत छिमेकी देशसँगको सीमा समस्यालाई जतिसक्दो छिटो पार लगाउनुपर्ने धारणा राखेका छन् । त्रिभुवन विश्वविद्यालयको उपलकुलपति कार्यालयमा बुधबार आयोजित कार्यक्रममा यस वर्षको दण्डपाणि-नन्दकुमारी अर्ज्याल स्मृति पुरस्कारबाट सम्मानित भएपछि उनले छिमेकी देशसँग नेपालको सीमासम्बन्धी समस्या समाधान गर्नुपर्नेमा जोड दिएका हुन् ।

विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. केशरजङ बरालले उनलाई पुरस्कार प्रदान गरे । देशको सीमासम्बन्धी खोज अनुसन्धान तथा जागरणमा विषेश योगदान पुर्‍याएबापत सीमाविद् श्रेष्ठलाई यो पुरस्कार प्रदान गरिएको हो । लामो समय अन्तर्राष्ट्रिय सीमासम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न श्रेष्ठले छिमेकी मुलुकसँगको सीमा विवाद यथाशक्य छिटो समाधान गर्नुपर्नेसमेत बताए । 'छिमेकसँगको साँध सीमा विवादलाई लामो सयमसम्म राखिरहनु कसैको पनि हितमा हुँदैन,' उनले भने ।

सो अवसरमा उपकुलपति बरालले देशको सीमा र त्यसका विविध पक्षबारे सबैभन्दा जानकार सीमाविद् श्रेष्ठ नै भएको बताए । कुनै पनि नागरिकलाई आफ्नो देश चिन्न सीमाविद् श्रेष्ठकै अनुसन्धानले मद्दत गर्ने भएकोले दण्डपाणि-नन्दकुमारी अर्ज्याल स्मृति पुरस्कार योग्य व्यक्तित्वले पाएको उनको भनाइ थियो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARCO HUMAN RESOURCE COMPANY

पुर्व स्वीकृति मिति २०८०/०२/१४ पुन स्वीकृति मिति २०८०/१२/२८ LT. No. 286448 चलानी नं. ६०२०२०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 55 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ०५ गते (18th Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क ।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIANLI CONSTRUCTION COMPANY LTD

पुर्व स्वीकृति मिति २०८०/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No. :295319 चलानी नं.६०२१०३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender | 4 | 0 | 16,665 | ५०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 26 | 0 | 16,665 | ५०,३२५ | | | | | | | |
| 3 | Cook | 2 | 0 | 16,665 | ५०,३२५ | | | | | | | |
| 4 | Driver | 6 | 0 | 16,665 | ५०,३२५ | | | | | | | |
| 5 | Mason | 60 | 0 | 16,665 | ५०,३२५ | | | | | | | |
| 6 | Welder | 2 | 0 | 16,665 | ५०,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAKHAMA ALPHA CONTRACTING COMPANY, ONE PERSON

पूर्व स्वीकृति मिति २०८०/१२/२७ LT. No. 303278 चलानी नं. ६०२१८१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Coating Labor | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email: sunray918@gmail.com, srgoverseas@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LADY LASHES BEAUTY FOR LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२८ LT. No. 279247 चलानी नं.६०१९४८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 8 | 150 | ६५,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DIP AND DIP KUWAIT RESTAURANTS COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२८ LT No :297903 चलानी नं. ६०२१३११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 15 | 100 | ४३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Coffee Maker | 20 | 20 | 135 | ५८,४२५ | | | | | | | |
| 3 | Preparer / Chef Assistant | 20 | 0 | 120 | ५१,९३५ | | | | | | | |
| 4 | Supervisor | 20 | 0 | 200 | ८६,७२० | | | | | | | |
| 5 | Waiter/waitress | 15 | 15 | 120 | ५१,९३५ | | | | | | | |

कम्पनी : FOOD DIRECTION HOLDING CO.

पूर्व स्वीकृति मिति २०८०/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२८ LT No :296962 चलानी नं. ६०२१२१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 3 | 0 | 170 | ७३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | cdp | 5 | 0 | 170 | ७३,७१० | | | | | | | |
| 3 | line cook | 5 | 2 | 150 | ६५,०४० | | | | | | | |
| 4 | Sous Chef | 2 | 0 | 200 | ८६,७२० | | | | | | | |
| 5 | Supervisor | 0 | 4 | 170 | ७३,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASAR FOUNDATION ORGANIZES EXPERTS FOR MAINTENANCE AND CLEANING

पूर्व स्वीकृति मिति : २०८०/१२/२८ LT No :303362 चलानी नं. ६०२१८१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MARGA DARSHAN HUMAN RESOURCE PVT. LTD.
श्रम ईजाजत नं. १६११/०७९/८०
Tokha 5, Basundhara, Kathmandu, Tel: 01-4971666, Mobile: 9851003483, 9851082446
Email: info@margadarshanhr.com.np, Web: www.margadarshanhr.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN EVEREST TRADING AND DECORATION

पूर्व स्वीकृति मिति २०८०/०३/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No.287965 चलानी नं: ६०२०३३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 5 | 0 | 2500 | ९०,५६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 35 | 10 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | General Clean Worker | 0 | 5 | 1100 | ३९,५०० | | | | | | | |

कम्पनी : AL KANAYA TRADING IN CERAMIC AND MARBLE

पूर्व स्वीकृति मिति २०८०/०३/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No.288015 चलानी नं: ६०२०३३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean Worker | 0 | 10 | 1100 | ३९,५०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Business. Executive | 1 | 0 | 4000 | १४४,९०५ | | | | | | | |
| 3 | Foreman | 30 | 0 | 2500 | ९०,५६५ | | | | | | | |
| 4 | Representative | 2 | 0 | 2500 | ९०,५६५ | | | | | | | |

कम्पनी : NEW AL ROUNAQ TRADING

पूर्व स्वीकृति मिति २०८०/०२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No. 287449 चलानी नं : ६०२०२७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 11 | 0 | 2500 | ९०,५६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Representative | 15 | 0 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | Labourer | 1 | 0 | 1100 | ३९,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 287965/288015/287449 मिति: २०८०/१२/२८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# माफिया जोगाउने प्रपञ्चको पर्दाफास

कुनै पनि पदमा पुग्न दलका नेताकहाँ धाउने चलन पहिलेबाटै चलिआएको हो । प्रजातन्त्रमा यो प्रथा झनै मौलायो । यसरी पद हत्याएकाहरूले नेताको चाहनाअनुसार काम गर्छन् नै, अर्को 'इजी मनी' पाउन लालयित हुन्छन् । यसरी नै सरकारी अधिकारीहरूले बेलाबखत सेटिङमा आर्थिक र नैतिक अनियमितता गर्दै आएका छन् ।

शक्तिमा रहुञ्जेल यस्ता प्रकरणहरूको ढाकछोप हुन्छ । यस्तै एउटा प्रकरण सार्वजनिक भएको छ । नेपाली कांग्रेसका शक्तिशाली सभापति शेरबहादुर देउवा प्रधानमन्त्री रहेका बेला ४२ जना मतियारलाई कारबाही गर्न सिफारिस गरिएको प्रतिवेदन बुझाइएको थियो । तर शक्तिको ओत लाग्यो, सिफारिस गरिएकाहरू जोगिए । छ वर्षपछि प्रतिवेदन सार्वजनिक भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सुमना श्रेष्ठको नेतृत्व छ यतिबेला शिक्षा मन्त्रालय । उनै मन्त्री श्रेष्ठले आँट गरी प्रतिवेदन सार्वजनिक गरेकी हुन् । शक्तिको आडमा लुकाइएको प्रतिवेदन सार्वजनिक भएपछि 'पाप धुरीबाट कराउँछ' भन्ने नेपाली उखान चरितार्थ भएको छ ।

पछिल्लो समय नेपालमा मेडिकल व्यवसायले वनमा मिचाहा झारले मिचेझैं चोकचोकमा फैलने मौका पायो । नेपालमा मेडिकल कलेजको सम्बन्धन यति धेरै भयो कि नर्स डाक्टर बेरोजगार भएर फालाफालसमेत भयो । तर पछि डा. गोविन्द केसीको आन्दोलनका कारण यस्ताखाले सम्बन्धनमा कडाइ भयो । जनता पनि जागरुक भए । केसीको विरोधका बाबजुद् पनि त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्का पदाधिकारीले मेडिकल कलेज सम्बन्धनमा सक्दो बदमासी गरे ।

२०७४ वैशाख ४ गते विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगले त्रिविकै नेतृत्व सम्हालेकाहरूबाट बदमास भएको निष्कर्ष निकालेको थियो । तर राज्यले तिनलाई जोगाएर राखे । कार्की नेतृत्वको आयोगले बुझाएको १६९ पृष्ठको प्रतिवेदन बल्ल सार्वजनिक भएको हो । हुन त ४२ जनालाई कारबाही गर्न भनिएको प्रतिवेदन त्यतिबेला पनि लिक भएको थियो । तर राजनीतिक दलका पपेटहरू नबोल्दा उनीहरू कारबाहीबाट जोगिए ।

यसपटक अब प्रतिवेदन सार्वजनिक भइसकेको छ । राज्यलाई ठगेर जनतालाई गुमराहमा राखी अनुचित काम गर्नेहरूलाई अब कुनै हालतमा छाड्न हुन्न । त्रिभुवन विश्वविद्यालयको साख किन घट्दै गएको रहेछ, किन शिक्षामा कमजोर बन्दै गएको रहेछ भन्ने पुष्टि यो घटनाले पनि गरेको छ । त्यसैले त्यस्ता व्यक्तिहरूलाई सिफारिस गरेको समयबाटैको तलब सेवा सुविधाको क्षतिभरण गराउन लगाउनुपर्छ । माफिया जोगाउने प्रपञ्च गर्नेहरूलाई पनि नैतिक पतनको मुद्दामा कारबाहीको दायरामा ल्याउनुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सन्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोप कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ मगधका लागि यस राजाको कुनै आवश्यकता छैन ।

मगधका लागि म आफै राजाको खोजी गर्नेछ । चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ । चाणक्य यी सबै सोच्दै थिए । साप्ताहिक समीक्षाको कारवाही सुरु भयो। उनले देख दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिरहेछन् ।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो । क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए । यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका कपालविनाको शिर तर दुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा धविद्वत्ताको प्रचण्ड तेज भएका यस्ता अज्ञात ब्राह्मण बीच सभामा आएको देख्दा सबै झस्किए ।

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए । तर, उनले सम्हालिएर भने- "के कुरा हो ब्राह्मणदेवता । तपाई को हुनुहुन्छ कहाँबाट आउनुभयो ?" चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- "राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हूँ, मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ ।

सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस् उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दथ्यो । राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ ।

# निजी क्षेत्र विकास र समृद्धिको नेतृत्व लिन तयार



चन्द्रप्रसाद ढकाल

> हामी हाम्रो तर्फबाट निरन्तर प्रयास गरिरहेका छौं । हामी चाहन्छौं, हाम्रा युवाहरूका सपना खाडीमा खेर जान नदिऔं । उद्यमीको मोहरलाई रूपैयाँ बनाउने अवसर दिऔं । रितिएका पहाड र बस्तीको माटो हराभरा बन्न सक्छ । यसका लागि पनि नेपालको निजी क्षेत्रलाई थप हौसला प्रदान गर्नुपर्छ । हामी भूकम्पपछि कसरी उठ्यौं ? अनि कोभिडपछि कसरी तंग्रियौं ? यी दुःखबाट पनि हामीले प्रेरणा लिन सक्छौं ।

मलगायत नयाँ कार्यकारिणी समितिले कार्यभार सम्हालेको एक वर्ष पूरा भएको छ । म र यो कार्यसमिति मुलुकको निजी क्षेत्रको यो छाता संस्थाको नेतृत्वमा आइरहँदा मुलुकको अर्थतन्त्र अप्ठ्यारो अवस्थामा थियो । मैले महासंघको नेतृत्व गर्नुपूर्व म एक्लै, अरू एक/दुई जना साथीभाइ र परिवारबाट सुरु भएको मेरो व्यवसायमा करिब २० हजारको परिवार बनेको छ । महासंघमा जोडिएसँगै करिब छ लाख व्यवसायीसहितको परिवार बन्यो । हामीसँग विविध कारणले सदस्य नभएका वा हुन नपाएका व्यवसायी पनि यो परिवारका सदस्य हुन् । यसको अर्थ महासंघ परिवार सम्पूर्ण निजी क्षेत्रका सदस्यहरूको हो ।

हाम्रो बृहत् परिवार यो सिंगो मुलुक हो । निजी क्षेत्र यो बृहत् परिवारको आयआर्जन गर्ने सदस्यहरू हुन् । हामी निजी क्षेत्र र सर्वसाधारणलाई आवश्यक सेवा र सुरक्षा दिन निर्माण भएको संरचना सरकार हो । सरकारले दिने सेवा र सुरक्षाविना हामी काम गर्न सक्दैनौं । हामीलाई सेवा र सुरक्षा दिएबापत हामी राज्यलाई कर बुझाउँछौं । अहिले परिवारमा आम्दानी र खर्चबीच तालमेल मिलेको छैन । मुलुकको खर्च धान्ने निजी क्षेत्र पखेटा फिँजाएर थप आर्जन गर्न खोजिरहेको छ । तर त्यसका लागि आवश्यक सेवा र सुरक्षा पाउन सकेको छैन । यो क्षेत्रले अहिले सरकारबाट थोरै मात्र भए पनि प्रोत्साहन चाहेको छ ।

म युवाहरूको सपनाको बारेमा कुरा गर्न चाहन्छु । म उद्यमशीलताको कुरा गर्न चाहन्छु । उद्यमशीलता एउटा कठिन तपस्या हो । कुनै पनि नयाँ काम गर्न नवीन सोच र आइडिया चाहिन्छ । त्यसलाई कार्यान्वयन गर्न रकम चाहिन्छ । यस्तो रकमको जोहो घरवार धितो राखेर नै गर्नुपर्छ ।

अब त्यो आइडियालाई समाजले स्वीकार गर्ने गरी तयार पार्नुपर्‍यो । राजनीतिक तहबाट त्यसलाई अपनत्व ग्रहण गरिदिनुपर्‍यो । कानुनी अड्चन हुन भएन र वातावरणीय रूपमा दिगो हुनुपर्‍यो । यी सबै आधारभूत विषय पूरा गरेपछि मात्रै एउटा परियोजना वा व्यवसाय बन्छ । यति मिहेनत गरेर तयार पारेको व्यवसाय वा परियोजना एउटा सरकारी नीति, एउटा अधिकारीको लहड अनि भीडले एकैछिनमा भताभुंग पारिदिन सक्छ ।

तर यति हुँदाहुँदै पनि म आज यहाँ निराशा मात्र व्यक्त गर्न चाहन्नँ । म यो सम्भावना नै सम्भावना भएको मुलुकका रूपमा देख्छु । यी सम्भावनालाई यथार्थमा परिणत गर्न राजनीतिक नेतृत्वको भूमिकाबारे पनि कुरा गर्छु ।

सम्भावना पहिल्याउन अहिलेको वास्तविक चित्रण आवश्यक छ । अहिले विदेशी मुद्राको सञ्चिति हालसम्मकै उच्च छ । अर्थात् करिब साढे १२ महिनाको वस्तु तथा सेवा आयात गर्न पर्याप्त छ । बैंकहरूमा पनि तत्काल कर्जाका रूपमा दिन सकिने करिब छ खर्ब रूपैयाँ छ । उद्यमी व्यवसायीले व्यवसाय विस्तार गर्न नसक्दा कर्जाको माग न्यून छ ।

भुक्तानी सन्तुलन र चालु खातासमेत बचतमा हुँदा सकारात्मक सन्देश जान्छ । तर यस अवधिमा एक खर्ब रूपैयाँको निर्यात हुँदा ८० अर्ब रूपैयाँ त विद्यार्थीहरू विदेश जाँदा बाहिरिएको छ । नेपाल विश्व व्यापार संगठनको सदस्य बनेयता निर्यात तीन गुणासम्म बढेको छ भने आयात १० गुणा बढेको छ ।

वैदेशिक लगानी कूल गार्हस्थ उत्पादनको ०.२ प्रतिशत हाराहारी मात्रै छ । वैदेशिक अनुदान निरन्तर घट्दो छ । वित्तीय व्यवस्थापन खर्च पुँजीगत खर्चभन्दा झण्डै दोब्बर भएको छ । आन्तरिक स्रोत बढाउन सकिएन भने नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै जाने क्रममा ऋणको भार थप बढ्ने सम्भावना देखिएको छ ।

निर्यात लगानी, सहायता सबै कम हुँदा पनि बाह्य क्षेत्र सबल हुनुको कारण रेमिटचान्स हो । रेमिटचान्समात्रै मुलुक धान्न आधार बनेको दशकौं भइसकेको त हामीलाई विदितै छ । रेमिटचान्सले मात्रै निरन्तर अर्थतन्त्र धान्न सक्ने सम्भावना न्यून हुन्छ । विगतमा बढ्दो रेमिटचान्सले माग बढाउँदा सरकारको राजस्व पनि बढेको थियो । अहिले, राजस्व अपेक्षित रूपमा बढ्न सकेको छैन । न्यून पुँजीगत खर्च हुँदा पनि सरकार घाटामा रहनुले आगामी दिन थप जटिल हुने देखिन्छ ।

यी माथिका तथ्यांक मैले हाम्रो अर्थतन्त्रको वर्तमान अवस्थाबारे जानकारीका लागि प्रस्तुत गरेको हुँ । किनभने अर्थतन्त्रमा अझै समस्या छ भन्ने तथ्यलाई स्वीकारेर मात्र यसको निकास खोज्न सजिलो हुन्छ भन्ने मलाई लाग्छ । करिब दुई वर्षदेखि सुस्ताएको अर्थतन्त्रको रोग पहिचान गरेर त्यसको निदान नगर्दा समस्या झन् बल्झिँदै गएको हो । निजी क्षेत्रले त रोगको पहिचान गरेरै बारम्बार औषधि सिफारिस गरेकै हो । यसमा राज्यको सम्बद्ध पक्षले ध्यान दिन नसक्दा हामी आज यो मोडमा आइपुगेका छौं ।

यसपटकको बजेट र मौद्रिक नीतिमा निजी क्षेत्रको साझा सुझाव पेस हुँदा पनि सुधारका उपाय अवलम्बन हुन सकेनन् । श्रीलंका बन्न सक्ने भयले यहाँ नियन्त्रणमुखी नीतिगत व्यवस्था गरिए । यसबाट हाम्रो आर्थिक वृद्धि ६ प्रतिशतबाट २ प्रतिशतमा झरेको छ भने यसै अवधिमा श्रीलंकाको आर्थिक वृद्धि माइनस ७.८ प्रतिशतबाट करिब दुई प्रतिशत सकारात्मक भएको छ ।

नेपालको अर्थतन्त्र कमजोर हुनुमा बाह्यभन्दा आन्तरिक कारण नै प्रमुख हुन् । किनभने यस अवधिमा भारत, बंगलादेशलगायतका मुलुकको वृद्धिदर उच्च छ । विश्व बैंकले नेपालको आर्थिक वृद्धि चालु वर्षमा ३.३ प्रतिशतमात्र हुने अनुमान सार्वजनिक गरेको छ । जबकि बंगालादेशको ५.६ प्रतिशत र भारतको ७.५ प्रतिशत वृद्धि हुने प्रक्षेपण छ । गत वर्ष पनि नेपालको वृद्धि २ प्रतिशतभन्दा कम हुँदा भारत र बंगलादेशको अर्थतन्त्र ६ प्रतिशतभन्दा बढीले विस्तार भएको थियो ।

भारतमात्रै होइन हाल निकै उच्च दरमा वृद्धि हासिल गरिरहेका बंगलादेश, कम्बोडिया, लाओस, रुवान्डा र इथियोपिया जस्ता मुलुकको विकासको मुख्य आधार निजी क्षेत्रले डोर्‍याएको वृद्धि नै हो । कुनै समयका द्वन्द्वग्रस्त र निकै गरिब मुलुकहरूको पछिल्लो एक दशकको औसत वृद्धिदर ६ प्रतिशतभन्दा माथि छ । नेपालको भने औसत ४ प्रतिशत छ । सबै छिमेकीको तीव्र विकास भइरहँदा, पछिल्लो दुई वर्षमा न्यून आर्थिक वृद्धि हुनुको कारण निजी क्षेत्रले काम गर्न नपाउँदा हो । यस वर्ष पनि उत्पादनमूलक क्षेत्रको वृद्धिदर ०.४ प्रतिशतले ऋणात्मक छ । अहिले उद्योगहरूमा एक प्रकारले अघोषित लोडसेडिङ छ जसले उत्पादनलाई थप प्रभावित बनाएको छ ।

साना उद्यमीको सहुलियतपूर्ण कर्जा रोकिएको छ । निर्माण व्यवसायीको भुक्तानी रोकिएको छ । न्यून पुँजीगत खर्च भइरहेको छ । यस्तो अवस्थामा उत्पादन बढाउने र बजारमा रकम प्रवाह गर्ने उपायको खोजी गरिनुपर्छ । सेवा निर्यातको सम्भावना देखिएकाले त्यसतर्फ पनि हाम्रा नीतिहरू निर्देशित हुनुपर्छ । राजस्व कम भएकाले अनावश्यक अनुगमनका कारण व्यवसायी समस्यामा छन् ।

म व्यक्तिगत रूपमा हरेक क्षेत्र र प्रयासलाई सकारात्मक रूपमा हेर्ने व्यक्ति हुँ । मैले सकेसम्म होइन, छैन र हुँदैन भन्ने शब्द प्रयोग पनि गर्दिनँ । हामी आफैंमा सम्पन्न र सक्षम छौं । हाम्रो अर्थतन्त्र सानो भएकाले 'रिकभर' हुन सजिलो पनि छ । त्यसैले हाम्रा रणनीतिहरू कुनै बाहिरी प्रभावभन्दा पनि हाम्रो माटो र हाम्रो स्थिति परिस्थिति सुहाउँदो हुनुपर्छ भन्ने मेरो धारणा हो । त्यसैले आज पनि म भन्छु- हामीले लिने साना तर सकारात्मक प्रयासहरूले पनि हामीलाई ठूलो प्रतिफल दिने छन् । यसका लागि सबैको सकारात्मक सोच र सत्प्रयास आवश्यक छ ।

छरिएर रहेको सानो बचत कम्पनीमा लगानी गर्न मिल्नेगरी महासंघको पहलमा लगानी कम्पनी स्थापना गर्ने तयारी छ । यो महासंघको आफ्नो कम्पनी होइन । महासंघले सबै व्यवसायीलाई जोडेर सुरुमा सहजीकरण गर्ने हो । उक्त कम्पनी स्वतन्त्र रूपमा सञ्चालन हुन्छ ।

हामी हाम्रो तर्फबाट निरन्तर प्रयास गरिरहेका छौं । हामी चाहन्छौं, हाम्रा युवाहरूका सपना खाडीमा खेर जान नदिऔं । उद्यमीको मोहरलाई रूपैयाँ बनाउने अवसर दिऔं । रित्तिएका पहाड र बस्तीको माटो हराभरा बन्न सक्छ । यसका लागि पनि नेपालको निजी क्षेत्रलाई थप हौसला प्रदान गर्नुपर्छ । हामी भूकम्पपछि कसरी उठ्यौं ? अनि कोभिडपछि कसरी तंग्रियौं ? यी दुःखबाट पनि हामीले प्रेरणा लिन सक्छौं । मुलुकको निजी क्षेत्र विकास र समृद्धिको नेतृत्व लिन तयार छ, मात्र वातावरणको खाँचो छ ।

*(नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले महासंघको ५८औं वार्षिक साधारणसभाको उद्घाटन सत्रमा प्रस्तुत मन्तव्यको सम्पादित अंश)*

## पत्र-मञ्जुषा

# राप्रपाको दोहोरो चरित्र

नेपालको संविधान, २०७२ मा कतै राजतन्त्र उल्लेख छैन । हिन्दूराष्ट्र पनि भनिएको छैन । संविधानले त लोकतन्त्रको कुरा गरेको छ । २०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा राप्रपा पनि होमिएको थियो । संविधानबमोजिम नै राप्रपाले जनतासँग भोट माग्यो ।

जनताले १४ सिट दिए । २०७९ पुस ११ गते राप्रपाबाट लिङ्देनसहित अन्य नेता मन्त्री खान पुगे । राप्रपासँग नैतिकता रहेछ त ? गम्भीर प्रश्न होइन यो ? जनतालाई कतिसम्म झुक्याउने ? कि हामी लोकतन्त्र मान्दैनौं भनेर राप्रपाका सबै सांसदले भटाभटी राजीनामा दिनुपर्‍यो । जनताले तिरेको करबाट तलबभत्ता खाने, सरकारी गाडी चढ्ने अनि देशमा राजा चाहियो भन्दै सर्वसाधारणलाई प्रहरीको लाठी खुवाउने ?

सांसदको लोगो कि बुझाऊ कि यो ढोंग नदेखाऊ । हामी २०७२ सालको संविधान मान्दैनौं, संसद्मा जाँदैनौं भने पनि एउटा कुरा । लोकतान्त्रिक व्यवस्थामा सांसद बन्ने, मन्त्री खाने अनि सर्वसाधारण युवालाई सडकमा उतार्ने ? यस्तालाई जनताले कसरी पत्याउने ? राप्रपासँग के भिजन छ ?

जनतामा भ्रम छर्ने पनि एउटा हद हुन्छ । कतिसम्मचाहिँ जनतालाई 'मुर्गा' बनाउन जानेका हुन् । जनताले तिरेको पनि खाने, पूर्वराजाबाट ल्याएर पनि खाने रणनीति हो यिनीहरूको भन्ने कसले बुझेको छैन ? २०७० सालको निर्वाचनमा कमल थापा नेतृत्वको राप्रपाले २४ सिट पायो । सदनमा चौथो दल बन्यो राप्रपा । राजाको नारा लगाउँदै हिँड्ने कमल थापाको पतन किन भयो भन्ने त सबैले छर्लंग देखेका छन् ।

२०७२ असोज ३ गते नेपालको संविधान जारी भएपछि जति पनि सरकार गठन भयो, त्यसमा कमल थापा मन्त्री खान पुगे । केपी शर्मा ओली, पुष्पकमल दाहाल, शेरबहादुर देउवाकै सरकारमा उनी मन्त्री थिए । त्यही हर्कतका कारण २०७४ सालको निर्वाचनमा राप्रपा एक सिटमा खुम्चियो । राजेन्द्र लिङ्देनमात्रै झापाबाट निर्वाचित भए । यस्तै चर्तिकलाले गर्दा २०८४ सालको चुनावमा राप्रपाको इतिहास नै सकिने त होइन ?

जनताले राप्रपाका नेताहरूको दोहोरो चरित्र देखिसकेका छन् । राप्रपाका नेताहरूले देशमा पुनः राजतन्त्र फर्काउने भनेर पूर्वराजा ज्ञानेन्द्रबाट पैसा ल्याएर खाने गरेको आमजनताको बुझाइ छ । कमल थापाको राजनीति लगभग अन्त्यमा आइसकेको छ । उनले राजनीतिबाट सन्यास लिए हुन्छ । अब पालो लिङ्देनको हो । सर्वसाधारण युवालाई सडकमा ल्याउने, ट्राफिक जाम गराउने, आमजनतालाई दुःख दिने, शान्तिसुरक्षामा खलल पार्ने लिङ्देनले पहिले त आफ्नो धारणा स्पष्ट पार्नुपर्‍यो ।

आफूचाहिँ यताबाट नि खाने, उताबाट नि खाने अनि जनताका छोराछोरीलाई सडकमा उतारेर पानीको फोहोरा, प्रहरीको लाठी खुवाउने ? जोसँग विचारधारा छैन, सिद्धान्त छैन, नैतिकता छैन, उसको पछाडि दौडिनु एउटा बेवकुफी हो भन्ने कुरा जनताले पनि बुझ्नुपर्छ । यहाँ जसले पनि आफ्नो व्यक्तिगत स्वार्थ हेर्छ । जनता हिजो पनि सित्तैमा सहिद बनेका थिए, भोलि पनि सित्तैमा सहिद बन्छन् ।

पदमा पुग्नेहरूले पछि फर्किएर पनि हेर्दैनन् । यदि राप्रपाका नेताहरूसँग नैतिकता छ भने सडकबाटै सांसद पदबाट राजीनामा गर । आफ्नो फाइदाका लागि जनताको छोराछोरीलाई लाठी नखुवाऊ ।

- रामचन्द्र श्रेष्ठ, कीर्तिपुर

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सुनापति 'थाङ्का कला हब' घोषणा

**रामेछाप (प्रस)–** मौलिकता जर्गेना गर्ने, रोजगारी सिर्जना गर्ने र अर्थतन्त्रमा योगदान दिने लक्ष्यका साथ रामेछापको सुनापति गाउँपालिकालाई थाङ्कु (थाङ्का) हब घोषणा गरिएको छ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको सहकार्य तथा सुनापति गाउँपालिका र सुनापति प्रज्ञा-प्रतिष्ठानको आयोजनामा सोमबार गाउँपालिकालाई 'सुनापति थाङकु (थाङ्का) कला हब' घोषणा गरिएको हो ।

पालिकाको वडा नं ४ मा आयोजित एक औपचारिक कार्यक्रमा बागमती प्रदेशका प्रदेशसभा सदस्य युवराज चौलागाईंले उक्त घोषणा गरेका हुन् । घोषणासँगै पालिकामा तीन महिने थाङ्का कला प्रशिक्षण सुरु भएको छ । प्रदेशसभा सदस्य चौलागाईंले थाङ्का हब घोषणालाई लिएर पालिकाका सबै जनताले गौरव गर्नुपर्ने धारणा राखे । उनले मौलिक कलालाई जर्गेना गर्दै रोजगारीसँग जोड्नु सराहनीय कार्य भएको बताए । थाङ्का कला पहिचान र अर्थतन्त्रसँग जोडिएको बताउँदै यसले अर्थतन्त्रमा विशिष्ट योगदान दिने उनको भनाइ थियो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली' ले पालिकालाई थाङ्का हब घोषणा गर्नुको मुख्य उद्देश्य अग्रज कलाकारलाई सम्मान गर्दै उनीहरूको ज्ञान नयाँ पुस्तामा लैजानु पनि भएको बताए । उनले प्रतिष्ठानले मौलिकता जोगाउने, रोजगारी सिर्जना गर्ने र अर्थतन्त्रमा योगदान दिने उद्देश्य राखेर हबको अवधारणा अघि सारेको जानकारी दिए । उनले भने, 'यसले पर्यटनसँगै देशको अर्थतन्त्रलाई समेत योगदान दिने छ ।'

गाउँपालिकाको वडा नं ४ का अध्यक्ष डुन्डुप लामाले सुनापतिलाई थाङ्काको छुट्टै 'ब्राण्ड' बनाउनुपर्ने बताए । वडाका प्रायः व्यक्तिहरू अग्रज थाङ्का कलाकारहरू भएको बताउँदै उनले भने, 'यहाँ सिकेर बस्नुभएकाले पनि यसलाई निरन्तरता दिनुपर्छ । थाङ्का व्यवसायीसँग छलफल गर्नुपर्छ र यसको निरन्तरता हुनुपर्छ ।' गाउँपालिकाका पूर्वअध्यक्ष धावा लामाले नेपालमा गणतन्त्र प्राप्त भइसकेपछि सीप सिकाएर देशको उन्नतिमा लाग्नुपर्ने धारणा राखे ।

गाउँपालिका अध्यक्ष ठूलो कान्छा तामाङले यस कार्यक्रमलाई पालिकाको पाँचवटै वडामा लैजाने बताए । उनले भने, 'यहाँका महिला पुरुष सबैले थाङ्का लेखिरहेका छन् । सबैले सिकिरहेका छन् । यसलाई अझै व्यापक बनाउँदै थाङ्का हबलाई अन्तर्राष्ट्रिय करण गर्नुपर्दछ ।'

तीन महिने थाङ्का कला प्रशिक्षण कार्यक्रममा कर्मध्वजसिंह तामाङ, विष्णुबहादुर लामा र टहलबहादुर लामा प्रशिक्षक रहेका छन् । प्रशिक्षणको पहिलो चरण पालिकाको वडा नं ४ का भलवाडी र डहुमा सञ्चालन हुने जानकारी दिइएको छ ।

# टीकापुरमा विपद् व्यवस्थापन पूर्वतयारीको अनुगमन

**कैलाली (प्रस)–** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्राविधिक टोलीले टीकापुर नगरपालिकाले विपद् व्यवस्थापनका निम्ति गरेका पूर्वतयारीको अनुगमन गरेको छ । उक्त मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय पञ्जीकरण विभाग, नेपाल रेडक्रस सोसाइटी र डेनिस रेडक्रसका प्रतिनिधि सहभागी भएको अनुगमन टोलीले विपद् व्यवस्थापनका क्रममा गरिएका असल अभ्यास, आउँदा दिनका पूर्वतयारी र प्रतिकार्यबारे अझ प्रभावकारी ढंगले काम गर्न सुझाव दिएको थियो ।

बाढीको जोखिमबाट बच्न तटबन्ध निर्माण र पूर्वसूचना दिएर क्षति कम गर्न सकिने, विपद् जोखिम न्यूनीकरणका लागि मौसम पूर्वानुमानसम्बन्धी सूचना तत्काल प्रवाह गर्ने, त्यसलाई स्थानीय तहमा रहेका सञ्जालमार्फत चाँडोभन्दा चाँडो सबैमा पुऱ्याउने, जल तथा मौसम विज्ञान विभागकाले दैनिक रूपमा अद्यावधिक गर्ने मौसमसम्बन्धी 'बुलेटिन' तथा अन्य सूचनामूलक सामग्रीका लागि विभागको वेबसाइट हेर्न सुझाएको थियो ।

**नेपाल सरकार**

## जिल्ला प्रशासन कार्यालय

**मकवानपुर, हेटौंडा**

### हकदावी गर्न आउने बारेको ३५ दिने सूचना

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मिति २०७३/०१/३० गते दर्ता भएको दर्ता नं. १७०५ को श्री मकवानपुर फाखेल चखेल प्रवासी सेवा समाज इन्द्रसरोवर गाउँपालिका वडा नं. ०५ (साविक फाखेल गा.वि.स. वडा नं. ०६) को आन्तरिक राजस्व कार्यालय हेटौंडामा दर्ता भई स्थायी लेखा नं. ६०४१४९६५५ कायम रहेको संस्था खारेज गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त संस्थाले कसैसँग ऋण लिएको वा सो संस्थाको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआए उक्त संस्थाको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/१२/२९**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५९४ मिति २०७९/१२/२८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१०३ मिति २०८०/१२/२७ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, महुवा, तेन्दु र धौटी लगायतका जातका गोलिया थान १०८ को १९६८.७ काठ, साल जातको दाउरा ५.०० चट्टा र अन्य जातको दाउरा १.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो ३:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री वारसीवावा सामुदायिक वन उपभोक्ता समूह**
**नरैनापुर-४, बाँके**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KENZ HYPERMARKET L L C
पूर्व स्वीकृति मिति: २०८०/१२/२८ LT. No. 303369 चलानी नं. ६०२१८२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 10 | 10 | 1200 | ४३,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shop Assistant | 40 | 40 | 1500 | ५४,३७८ | | | | | | | |

कम्पनी : A T V A TECHNICAL AND CLEANING SERVICES LLC
पूर्व स्वीकृति मिति: २०८०/१२/२८ LT. No. 303359 चलानी नं. ६०२१८२००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 0 | 1000 | ३६,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MABIA HOSPITALITY L.L.C.
पूर्व स्वीकृति मिति: २०८०/१२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No. 301688 चलानी नं. ६०२१८२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 119 | 0 | 800 | २९,००१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : POWER RECRUITMENT LLC
पूर्व स्वीकृति मिति: २०८०/१२/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No. 302860 चलानी नं. ६०२१७७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 125 | 0 | 800 | २९,००१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 125 | 0 | 1200 | ४३,५०३ | | | | | | | |
| 3 | shuttering carpenter | 125 | 0 | 1200 | ४३,५०३ | | | | | | | |
| 4 | STEEL FIXER | 125 | 0 | 1200 | ४३,५०३ | | | | | | | |

कम्पनी : SK SOLUTIONS FACILITY SERVICES LLC
पूर्व स्वीकृति मिति: २०८०/११/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No. 300932 चलानी नं. ६०२१७७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 50 | 15 | 900 | ३२,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Life Guard | 15 | 0 | 1500 | ५४,३७८ | | | | | | | |
| 3 | Packer | 25 | 0 | 900 | ३२,६२७ | | | | | | | |
| 4 | PORTER | 25 | 0 | 900 | ३२,६२७ | | | | | | | |
| 5 | Security Guard | 25 | 10 | 1500 | ५४,३७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Raj Group Of Company Pvt.Ltd.**
श्रम ईजाजत न .१२४५/०७३/०७४
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WATTAN INTERNATIONAL TRADING & CONTRACTING CO.
पूर्व स्वीकृति मिति २०८१/०३/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/२८ LT. No.298470 चलानी नं.६०२१३३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 1 | 22 | 1000 | ३६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 5 | 0 | 1000 | ३६,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBD FOR MEDICAL & LABORATORY EQUIPMENT RAPAIRING EST.
पूर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. 303377 चलानी नं. ६०२१८१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial Sales Representative | 4 | 0 | 1500 | ५४,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 7 | 0 | 1400 | ५०,७५५ | | | | | | | |
| 3 | Electrician Assistant | 6 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 4 | Sales Manager | 1 | 0 | 1700 | ६१,६३० | | | | | | | |
| 5 | Sales Officer | 6 | 1 | 1500 | ५४,३८० | | | | | | | |

कम्पनी : AL-MUHAIRAT CONTRACTING COMPANY IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. 303372 चलानी नं. ६०२१८१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU SAUDI HYPERMARKETS LLC
पुर्व स्वीकृति मिति २०८०/१२/२७ LT. No. 303238 चलानी नं. ६०२१८१०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 17 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
श्रम ईजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति २०८०/१०/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२८ LT. No. 299392 चलानी नं. ६०२१४३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Busin. Excutive | 0 | 1 | 3000 | ११०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 3 | Gen.clean Worker | 22 | 20 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Gen.director | 1 | 0 | 6000 | २२०,१०० | | | | | | | |
| 5 | Labourer | 32 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | Painter | 1 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९१,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## फ्रि भिषा सहित युएईमा युएईमा वैदेशिक रोजगारको अवसर

AL MADINA HYPERMARKET

कम्पनी : AL MADINA HYPERMARKET शहर: DUBAI
पूर्व स्वीकृति मिति : २०८०/१२/०५ LT No :301798 चलानी नं. ६०२१६७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 25 | 0 | 1000 | ३६,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 15 | 0 | 800 | २९,००० | | | | | | | |
| 3 | Female Cashier | 0 | 25 | 1100 | ३९,८८० | | | | | | | |
| 4 | Sales Man | 60 | 0 | 1000 | ३६,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: बिर्तामोड, झापामा मिति: २०८१ वैशाख २ गते (14th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HILTON HUMAN RESOURCES PVT.LTD.**
श्रम ईजाजत नं. ११५२/०७३/७४
Dhumbarahi-4, Kathmandu, Tel: 01-4536596, Mobile: 9706949222, Yogesh 9813112532
9813993581, 9706949221, 9706949220, Email: hiltonhumanrs@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAEL GENERAL CONTRACTING L.L.C.
पूर्व स्वीकृति मिति २०८०/१२/२७ LT. No. 303310 चलानी नं. ६०२१८१६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 75 | 0 | 850 | ३०,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES
पूर्व स्वीकृति मिति २०८०/१२/२३ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAYAR FACILITIES MANAGEMENT LLC
पूर्व स्वीकृति मिति २०८०/०९/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ LT. No. 294971 चलानी नं. ६०२१०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 36 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC
पूर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ LT. No. 296251 चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : A T V A TECHNICAL AND CLEANING SERVICES LLC
पूर्व स्वीकृति मिति २०८०/१०/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ LT. No. 298333 चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 51 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Future Star Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक




## 'वर एन्ड बधू'मा कुशुमको इन्ट्री

गायक प्रकाश सपुतको गीत 'सकम्बरी'मा फूलमायाको भूमिकाबाट चर्चा छाएकी मोडल कुसुम शर्मा फिल्म 'वर एन्ड बधू'मा अभिनेत्रीको रूपमा देखिने भएकी छन् । निर्देशक मिलन चाम्सले फिल्मको अभिनेत्रीको रूपमा कुसुम भित्रिएको जानकारी दिए । तर उनको भूमिका भने खुलाइएको छैन । पहिलो चरणको छायांकन सकिएको फिल्मको दोस्रो चरणको छायांकन वैशाखको ३ गतेबाट सुरू हुनेछ । शर्मा दोस्रो चरणको छायांकनमा सहभागी हुनेछिन् । अभिनेत्री आँचल शर्मा र नव–नायक विवेक कर्माचार्यको मुख्य भूमिका रहने फिल्मको पहिलो चरणको छायांकन रोमानियामा गरिएको थियो ।





# 'द रेड सुट्केस'को प्रिमियर

■ प्रभाव संवाददाता



**काठमाडौं–** फिल्म 'द रेड सुट्केस'को मंगलबार प्रिमिएर गरिएको छ । मंगलबार सीडीसी सिनेमाजमा आयोजित प्रिमिएरमा फिल्मकर्मी र रंगपत्रकारको बाक्लो उपस्थिती थियो नै, त्यसका अलवा पूर्व शिक्षामन्त्री अशोक कुमार राई, प्रा. डा. केदारभक्त माथेमा, सांसद रघुजी पन्तलगायत विभिन्न क्षेत्रका व्यक्तिहरू समेत सहभागी थिए । प्रिमिएरमा सहभागी अधिकांशले फिल्म राम्रो बनेको प्रतिक्रिया दिए ।

कार्यक्रममा निर्देशक एवम् अभिनेता नीर शाहले आफूले स्थापना गरेको कलेजको विद्यार्थी फिडेल देवकोटाले नेपाली फिल्म बनाएर अन्तर्राष्ट्रिय बजारमा चिनाउँदा गौरव लागेको बताए । उनले विश्वले महत्त्व दिएको यस्ता फिल्मलाई प्रदर्शन गरेर सहयोग गर्न पनि हललाई अफिल गरे ।

कार्यक्रममा सांसद रघुजी पन्तले पनि आफूले अहिलेसम्म हेरेको नेपाली फिल्म भन्दा द रेड सुटकेस पृथक भएको बताए ।

पूर्व शिक्षामन्त्री अशोक कुमार राईले आफूले धेरैलामो समयपछि राम्रो फिल्म हेर्ने अवसर पाएको बताए । द रेड सुटकेस आफ्नो सोच भन्दा फरक फिल्म पाएको भन्दै तारिफ गरे

अभिनेता विपिन कार्कीले द रेड सुटकेस आम फिल्म भन्दा फरक भएकै कारण प्रोत्साहन गर्नुपर्ने बताए । उनले यस्तो फिल्म जीवनमा कमै खेल्न पाइने भएकाले पनि अरू चलचित्र छाडेर अभिनय गरेको बताए ।

अभिनेत्री मिरुना मगरले द रेड सुटकेस क्लासिक फिल्म बनेको बताइन् । उनले कलाकारको कामबाट आफू लोभिएको प्रतिक्रिया दिइन् ।

फिडेल देवकोटा निर्देशित फिल्म 'द रेड सुट्केस' डेढ दर्जन बढी अन्तर्राष्ट्रिय फिल्म फेष्टिभलमा सहभागी भएर अवार्ड समेत जितिसकेको छ । नेपालमा भने फिल्म आगामी शुक्रबारबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको हो ।

आइसफल प्रोडक्सनका लागि रामकृष्ण पोखरेल निर्माता रहेको फिल्ममा सौगात मल्ल, विपिन कार्की, सृष्टि श्रेष्ठ, प्रवीण खतिवडालगायतको अभिनय छ ।

फिल्मले न्यून वर्गीय नेपाली समाजका युवाहरूको वर्तमान कथा विषय बनाएको छ । सुशन प्रजापतिको छायांकन रहेको यो फिल्म समन अलभितिगाले सम्पादन गरेका हुन् । फिल्मलाई आरआर फिल्मसका रोहित-रत्नले वितरण गर्दैछन् ।

# गीतिसंग्रह 'खुसीका रंगहरू' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले गीतसङ्गीतले समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् ।

यहाँ गायिका खुसी थुलुङ्ग राईको गीतिसङ्गह 'खुसीका रङ्गहरू' सार्वजनिक गर्न आयोजित कार्यक्रममा उनले गीतसङ्गीतका माध्यमले सर्जकले दिने सन्देश सिधै समाजमा पुग्ने बताए ।

'गीतसङ्गीतलाई मनोरञ्जनकै रूपमा मात्र लिनुहुँदैन, यसले समाज रूपान्तरणमा भूमिका निर्वाह गर्ने भएकाले म सर्जकलाई सोहीअनुसार कला र संस्कृतिलाई प्रयोग गर्न आग्रह गर्छु, यद्यपि गीतको आफ्नै शैली हुन्छ, यो अहिले सामान्य सुनियता पनि कालान्तरमा यसको महत्व दर्सिन्छ', पूर्वमन्त्री राईले भने ।

उनले गीतिसङ्गहमा समावेश आठ गीतमध्ये श्रव्यदृश्य तयार पारिएको पहिलो गीत 'प्रेमको अर्थ' हेरेपछि अभिनय गर्ने मोडल रुकमान लिम्बू र करिश्मा श्रेष्ठको प्रसंशा गरे । उनले भने, 'कलाकारले जीवन्त अभिनय गर्नुभएको छ, गायिकाले सुमधुर स्वरमार्फत सजिलै मोहित गर्न सक्नुहुन्छ, म उहाँहरूलाई गीतसङ्गीतलाई निरन्तरता दिन आग्रह गर्दछु ।'

गायिका राईले आफ्नो पहिलो गीतिसङ्गह सार्वजनिक समारोहमा पाएको माया, हौसला र प्रतिक्रियाले अगाडि बढ्न प्रेरित गरेको बताइन् । 'मेरो पहिलो प्रयासमा पाएको हौसलालाई आगामी दिनमा प्रयोग गर्ने छु, म नयाँ भए तापनि यस क्षेत्रलाई नियाल्दै अगाडि बढिरहेको सङ्गीतको विद्यार्थी हुँ, प्राप्त प्रतिक्रियाले मलाई निरन्तरता दिन र गन्तव्यमा पुग्न प्रोत्साहन दिन्छ', गायिका राईले भनिन् ।

सार्वजनिक गीत 'प्रेमको अर्थ' मा क्रान्ति सुब्बाले शब्द रचना र हरी लम्सालले सङ्गीत दिएका छन् । गीतको श्रव्यदृश्यमा देखिएकी मोडल लिम्बूले एक प्रेमिल जोडीको जीवनलाई श्रव्यदृश्यमा देखाइएको बताइन् ।

'गीतमा श्रीमतीलाई माया गर्ने श्रीमान्को कथालाई देखाइएको छ, उसको निःस्वार्थ भाव र प्रेमले श्रीमतीलाई आकर्षित गर्ने पक्षलाई हामीले श्रव्यदृश्यमा समेटेका छौँ, यो गीतको श्रव्यदृश्यले प्रेमलाई परिणामको आशा नगरी व्यक्त गर्न प्रेरित गर्छ', मोडल लिम्बूले भनिन् । गीतको श्रव्यदृश्यलाई राजेश पुमा राईले निर्देशन गरेका छन् ।

# 'डिग्री माइला'को अग्रिम टिकट बिक्री सुरू

**काठमाडौं (प्रस)–** फिल्म 'डिग्री माइला' आगामी शुक्रबारदेखि सार्वजनिक प्रदर्शनमा आउँदैछ । फिल्मको अग्रिम टिकट बिक्री सुरु भएको छ । हलले फिल्मफाई उच्च शो दिएको छ ।



रामबाबु गुरुङ निर्देशित फिल्मले क्यूएफएक्स बाहेक देशभर ९७ शो पाएको छ । देशको ठुलो हल चेन क्यूएफएक्सले ५८ शो दिएको छ । यसमा अझ शो सफ्या थपिने अनुमान छ । हालसम्म फिल्मले देशभर कुल १ सय ५५ शो पाइसकेको छ । बिहीबारसम्म यो संख्या अझ बढ्ने देखिन्छ । वितरक गोविन्द शाहीले फिल्मले शुक्रबार र शनिबार गरेर झण्डै ५ करोड व्यापार गर्ने अनुमान गरेका छन् । फिल्ममा दयाहाङ राई तथा आँचल शर्माको मुख्य भूमिका छ ।

यसअघि रामबाबु गुरुङ निर्देशित फिल्म 'कबड्डी-४'ले रिलिजको पहिलो शनिबार ३ करोड व्यापार गरेको छ । बाँसुरी फिल्मस्ले कबड्डी फिल्मस् तथा सुस्मा फिल्मस्सँग मिलेर निर्माण गरेको फिल्मका निर्माताहरू विशाल गुरुङ, मणिराम पोखरेल, मधु मिजार तथा सुष्मा गुरुङ रहेका छन् । कार्यकारी निर्माता क्रिश लामा भएको फिल्ममा निमेष श्रेष्ठको सम्पादन तथा रोहित शाक्यको ब्याकग्राउण्ड म्युजिक रहेको छ । फिल्म शिवराम श्रेष्ठ तथा राइली एस शिनले खिचेका हुन् ।



# खेलकुद शिक्षासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर



**काठमाडौ (प्रस)–** खेलकुद शिक्षा सम्बन्धी शैक्षिक कार्यक्रमको विकास गर्ने उद्देश्यसहित बुधवार युवा तथा खेलकुद मन्त्रालय र काठमाडौं विश्वविद्यालयबिच समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

समझदारी पत्रमा युवा तथा खेलकुद मन्त्रालयको तर्फबाट निमित्त सचिव शिवप्रसाद रेग्मी र काठमाडौं विश्वविद्यालयको तर्फबाट उपकुलपति प्रा. भोला थापाले हस्ताक्षर गरे ।

भविष्यमा खेलकुद विज्ञान, व्यवस्थापन र शिक्षालाई सँगसँगै लैजान साझेदारी गर्ने उद्देश्यले सम्झौता गरिएको मन्त्रालयले जनाएको छ । सम्झौता पत्रमा विश्वविद्यालयमा खेलकुद सम्बन्धी अध्ययन- अध्यापनका लागि छोटो अवधिको कोर्ससँगै स्नातक, स्नातकोत्तर र विद्यावारिधिका निम्तिसमेत सम्भाव्यताको खोजी गर्ने विषयलाई प्राथमिकता दिइएको छ ।

'खेलकुद शिक्षाको क्षेत्रमा आज एउटा नयाँ सुरुआतको साक्षी हुन पाउँदा निकै खुसी लागेको छ । मलाई विश्वास छ आज हामीले काठमाडौं विश्वविद्यालयसँग मिलेर रोपेको खेल शिक्षाको बिउले कुनै दिन मिठो प्रतिफल दिनेछ,' हस्ताक्षर कार्यक्रममा युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठले भने ।

# गोपीचन्द्र पार्की लन्डन जाँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** लन्डन म्याराथनमा भाग लिन धावक गोपीचन्द्र पार्की शुक्रबार त्यसतर्फ जाने भएको छन् । नेपालगञ्ज म्याराथनले बुधबार गोपीका लागि विदाई गरेको छ। राष्ट्रिय खेलकुद परिषद (राखेप) ला सदस्य सचिव टंकलाल घिसिङ, लि निङ आधिकारीक विक्रेता चाइना ट्रेड लिंक प्रालिका कार्यकारी अध्यक्ष राजन महर्जन, नेपालगञ्ज म्याराथनका अध्यक्ष टीएस ठकुरीले विदाई गरे। लन्डन म्याराथन वैशाख ९ गते हुनेछ ।

राखेप सदस्य सचिव घिसिङले गोपीलाई सफलताको शुभकामना दिँदै उनको हवाई टिकट राखेपले उपलब्ध गराउने जानकारी दिएका थिए । चाइना ट्रेडका अध्यक्ष महर्जनले शुभकामना दिँदै गोपीलाई लि निङको ट्र्याक सुट र टिसर्ट हस्तान्तरण गरेका थिए ।

नवौं धारा नेपालगञ्ज म्याराथनको उपाधि जित्दै गोपी लन्डन म्याराथनका लागि छनोट भएका थिए ।

नेपाल रन युकेको सहकार्यमा नेपालगञ्ज म्याराथनले विजेतालाई लन्डन म्याराथनमा सहभागिता निश्चित गरेको हो । गोपी लन्डन रहँदाको व्यवस्थापन नेपाल रन युकेले गर्नेछ ।

गोपीले तयारी राम्रोले उत्कृष्ट नतिजाका लागि प्रयास गर्ने बताए ।

एसिसी प्रिमियर कप

# पहिलो खेल मलेसियासँग

**काठमाडौं (प्रस)–** नेपालले एसिसी प्रिमियर कपको पहिलो खेल मलेसियासँग खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)का अनुसार नेपालले १२ अप्रिलमा मलेसियासँग खेल्ने भएको हो । टी-२० फर्म्याटमा हुने प्रतियोगितामा नेपाल समूह 'ए' मा छ । नेपालको समूहमा मलेसियासँगै, हङकङ, कतार र साउदी अरब छन् । समूह 'बी' मा आयोजक ओमानसहित यूएई, कुवेत, बहराइन र कम्बोडिया छन् ।



त्यस्तै, समूह चरणको दोस्रो खेल नेपालले कतारसँग १३ अप्रिलमा खेल्ने छ । हङकङसँग १५ अप्रिल र साउदी अरबसँग १७ अप्रिलमा खेल्ने नेपालले समूह चरणका खेल सक्काउने छन् ।

समूहमा शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन् । सेमिफाइनल जित्ने दुई टोलीले फाइनल खेल्नेछन् । यो प्रतियोगिता जित्ने टोली सन् २०२५ मा टी-२० फर्म्याटमा आयोजना हुने एशिया कपमा पुग्नेछ । शीर्ष तीन टोलीले एसिसी इमर्जिङ टिम्स एशिया कप खेल्नेछन् ।

# आर्मी र जावलाखेललाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो उपत्यकास्तरीय ह्विलचियर बास्केटबल प्रतियोगिताको उपाधि पुरुषतर्फ विभागीय टोली त्रिभुवन आर्मी क्लब र महिलातर्फ जावलाखेल ह्विलचियर स्पोर्ट्स क्लब (जेडब्यूएससी)ले जितेका छन् ।

नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ (एनएससीआईएसए)को आयोजनामा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा बुधबार सम्पन्न फाइनलमा पुरुषतर्फ विभागीय डर्बीमा आर्मीले सशस्त्र प्रहरी बलको एपीएफलाई र महिलातर्फ जेडब्यूएससीले इस्पाइनल कट इन्जरी नेट्वर्क नेपाल (एससीआईएनएन)लाई पराजित गर्दै उपाधि जितेका हुन् । पुरुषतर्फ निक्कै नै रोमाञ्चक बनेको खेलमा आर्मीले एपीएफलाई २१-१७ ले पराजित गर्‍यो । आर्मी र एपीएफ पुल 'ए' मा सँगै थिए । पुल 'ए' बाट आर्मी विजेता र एपीएफ उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेका थिए । पुलको खेलमा पनि आर्मीले एपीएफलाई २६-२१ स्कोरले पराजित गरेको थियो ।

आर्मीले सेमिफाइनलमा बीआईएमाथि ३६-१७ स्कोरको फराकिलो जित हासिल गर्दै फाइनलमा स्थान सुरक्षित गरेको थियो । एपीएफ भने प्रतिस्पर्धात्मक खेलमा एससीआईएनएनलाई २०-१९ स्कोरले पराजित गर्दै फाइनलमा पुगेको थियो । प्रतियोगितामा एससीआईएनएन तेस्रो भयो । एससीआईएनएनले तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा बीआईएलाई १७-१६ स्कोरले पराजित गर्‍यो ।

महिलातर्फको सेमिफाइनलमा बीआईएलाई १४-० स्कोरले पराजित गर्दै जेडब्यूएससी फाइनल पुगेको थियो । फाइनलमा जेडब्यूएससीले एससीआईएनएनमाथि १८-७ स्कोरको सहज जित दर्ता गर्‍यो ।

एससीआईएनएनले सेमिफाइनलमा विइनमाथि १४-४ स्कोरको सहज जित हासिल गर्दै फाइनलमा स्थान बनाएको थियो । बीआईए भने तेस्रो बन्यो । तेस्रो स्थानका लागि भएको भिड्न्तमा विइनलाई बीआईएले ६-० स्कोरमा सहजै पराजित गर्‍यो ।

प्रतियोगिताको विजेता टोली आर्मी र जेडब्यूएससीले ५०/५० हजार रूपैयाँ प्राप्त गरे । उपविजेता टोली एपीएफ र एससीआईएनएनले ४०/४० हजार रूपैयाँ प्राप्त गरे । यस्तै, तेस्रो हुने एससीआईएनएन र बीआईले ३०/३० हजार रूपैयाँ प्राप्त गरे । 'मोस्ट भ्यालुयबल प्लेअर' पुरुषतर्फ आर्मीका रामबहादुर तामाङ र महिलातर्फ जेडब्यूएससीका राजनी राई घोषित भए । यस्तै, पुरुषतर्फ आर्मीका रमेश खत्री र महिलातर्फ जेडब्यूएससीकी तुलसा मगर 'हाई' स्कोरर रहे । खत्रीले फाइनलमा ८ र मगरले ६ स्कोर गरेका थिए । चारै जनाले २५/२५ सय रूपैयाँ प्राप्त गरे ।

अमेरिकी राष्ट्रपति बाइडेनले भने-

# इजरायलले गाजा युद्धको व्यवस्थापनमा 'गल्ती' गर्‍यो



गाजा पट्टी- अमेरिकी राष्ट्रपति जो बाइडेनले हमासविरुद्ध इजरायलको युद्धको अहिलेसम्मकै सबैभन्दा कडा आलोचना गर्दै इजरायली दृष्टिकोणलाई 'गलत' भनेका छन् । छ महिना लामो युद्धका कारण मृत्यु हुनेको संख्या बढ्दै गएको भन्दै विश्वव्यापी आक्रोश बढेसँगै बाइडेनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले द्वन्द्व व्यवस्थापनलाई सही दिशा दिन नसकेको बताएका छन् । उनले गाजामा युद्धविरामको आवश्यकता दोहोर्‍याए ।

'मलाई लाग्छ, उहाँले जे गरिरहनुभएको छ, त्यो गल्ती हो । म उनको दृष्टिकोणसँग सहमत छैन,' बाइडेनले स्पेनी भाषाको टिभी नेटवर्क युनिभर्सियनलाई दिएको अन्तर्वार्तामा भने । उनले नेतन्याहूलाई 'युद्धविरामका लागि आह्वान गर्न, आगामी छदेखि आठ हप्ताका लागि अनुमति दिन र देशमा जाने सबै खाद्यान्न र औषधिमा पूर्ण पहुँच प्रदान गर्न' आग्रह गरे ।

अमेरिका, कतारी र इजिप्टका मध्यस्थकर्ताहरूले युद्धविराम र बन्धक मुक्त सम्झौतामा प्रगति खोजिरहेका बेला बाइडेनको यो टिप्पणी आएको हो जसले गाजा पट्टीमा बढ्दो भोकमरी संकटलाई सम्बोधन गर्न सहायता वितरण बढाउने प्रस्ताव पनि गरेका छन् । इजरायलले सहायतामा कुनै प्रतिबन्ध नलगाएको र अमेरिका र संयुक्त राष्ट्रसंघको मागलाई पालना गरेको जनाएको छ ।

मानवीय सामग्रीको प्रवाह बढाउन कदम चाल्न इजरायल सरकारको नाममा सर्वोच्च अदालतबाट बुधबारसम्मको समयसीमा तोकिएको छ । इजरायलले राहत सामग्रीको प्रवेशमा प्रतिबन्ध लगाएको र गाजावासीलाई आधारभूत आवश्यकता प्रदान गर्न असफल भएको आरोप लगाउने पाँच गैरसरकारी संस्थाहरूले यो मुद्दा उठाएका थिए ।

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय निकाय युएनआरडब्ल्युएले मंगलबार भनेको छ, 'अनिकालको खबरपछि फेब्रुअरी र मार्चमा ४० प्रतिशतभन्दा बढी खाद्यान्न वितरण अभियानलाई वञ्चित गरिएको छ । मार्चपछि कुनै पनि युएनआरडब्ल्युएका खाद्यसामग्री बोकेका गाडीलाई अनुमति दिइएको छैन ।'

मानवतावादीहरूले इजरायलले गाजामा भोकमरीलाई युद्धको विधिको रूपमा प्रयोग गरेको आरोप लगाएका छन्, जहाँ संयुक्त राष्ट्रसंघका विशेषज्ञहरूले गाजाको जनसंख्याको भण्डै आधा अर्थात् ११ लाख व्यक्तिले 'घातक' खाद्यअसुरक्षाको सामना गरिरहेको बताएका छन् ।

कोगाट नामक समुद्रपार आपूर्ति गर्ने इजरायली निकायका अनुसार आइतबार र सोमबार ७४१ वटा सहायता ट्रक गाजा प्रवेश गरेका छन् भने मंगलबार थप ४६८ वटा ट्रक गाजा प्रवेश गरेका छन् ।

अक्टोबर ७ मा युद्ध सुरु हुनुअघि दैनिक करिब ५०० ट्रकले गाजालाई आपूर्ति गर्थे । अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) की प्रशासक सामन्था पावरले पछिल्ला दिनहरूमा गाजामा आपूर्तिका लागि समुद्री क्षेत्रमा परिवर्तन देखिएको तर इजरायलले अझै धेरै गर्न आवश्यक रहेको बताए ।

उनले मंगलबारको सुनुवाइका क्रममा अमेरिकी सांसदहरूसँग भने, 'गाजा र सुपरमार्केटमा अनिकालजस्तो अवस्था छ भने खाद्यान्न प्रवेशका लागि बाटो अवरोध हुँदा केही किलोमिटर टाढा खाद्यान्नको ह्रास लागेको छ ।' ह्वाइट हाउसले इजरायलले युद्धविरामका लागि 'केही कदम अघि बढाएको' बताएको छ भने हमासको प्रतिक्रिया 'उत्साहजनक भन्दा कम' रहेको बताएको छ ।

पछिल्लो प्रस्तावअनुसार छ हप्तासम्म युद्ध रोकिने, गाजामा रहेका करिब ४० महिला र बालबालिकालाई इजरायलले बन्धक बनाएका सयौं प्यालेस्टिनी कैदीसँग आदानप्रदान गर्ने र दैनिक ५०० सम्म सहायता ट्रक गाजा प्रवेश गर्ने हमासको स्रोतले जनाएको छ ।

हमासका नेता इस्माइल हनियेहले इजरायलले युद्ध अन्त्यको मागलाई सम्बोधन गर्न असफल भएको आरोप लगाएका छन् भने इजरायली प्रधानमन्त्री नेतन्याहूले इजरायलले 'आफ्ना सबै बन्धकहरूलाई' घर फर्काउने र गाजा क्षेत्रबाट लडाकुहरूलाई हटाउने दोहोरो लक्ष्य हासिल गर्नुपर्ने बताएका छन् । *रासस/एएफपी*

# इयूले आफ्नो आप्रवासन प्रणालीमा ल्याउन खोजेको सुधार



**ब्रसेल्स-** युरोपेली संसद्ले शरणार्थी र अनियमित आप्रवासीका लागि युरोपेली संघ (इयू) को कानुनमा सुधारका लागि बुधबार मतदान गरेको छ । नयाँ इयू शरणार्थी तथा आप्रवासन सम्झौतामा अनियमित रूपमा इयूमा प्रवेश गर्ने आप्रवासीहरूको पहिचान, स्वास्थ्य तथा सुरक्षा जाँच गरिने छ र उनीहरूको अनुहार र औंठाको छापको 'वायोमेट्रिक' प्रमाण रेकर्ड गरिने छ । यो प्रक्रियाका लागि सात दिनसम्म लाग्नसक्ने नयाँ प्रस्तावमा उल्लेख छ ।

यसमा बालबालिकाले विशेष उपचार पाउने छन् र उनीहरूका अधिकार सुनिश्चित गर्न सदस्य राष्ट्रहरूमा स्वतन्त्र अनुगमन संयन्त्रहरू हुने छन् । यस प्रक्रियाको उद्देश्य कुन आप्रवासीहरूले द्रूत वा सामान्य शरण आवेदन प्रक्रिया प्राप्त गर्नु पर्दछ, र कुन आप्रवासीहरूलाई उनीहरूको मूल देश वा 'ट्रान्जिट'मा फिर्ता पठाउनु पर्दछ भनेर निर्धारण गर्नु हो ।

### सुव्यवस्थित जााच

सुरक्षाको स्थिति प्राप्त गर्ने कम सम्भावनासँग शरण चाहनेहरूलाई छिटो प्रक्रियामार्फत आवेदन प्रक्रियालाई अगाडि बढाइने छ । टयुनिसिया, मोरक्को र बंगलादेशजस्ता देशका नागरिकहरू यस श्रेणीमा पर्दछन् । यी मुलुकबाट आउने नागरिकलाई कमसे कम ८० प्रतिशत मामलाहरूमा नागरिकहरूको शरण आवेदन अस्वीकार गरिएको देशका नागरिकको रूपमा परिभाषित गरिएको छ ।

उनीहरूको सुव्यवस्थित अनुप्रयोगहरू विमानस्थलसहित प्रायः भूमि, सीमा र बन्दरगाहजस्ता इयूको 'बाहच सीमा' बाट टाढाका केन्द्रहरूबाट प्रक्रिया अगाडि बढाइने छ । त्यसैले यदि उनीहरूको अनुरोधलाई निराधार वा अस्वीकार्य ठहर्‍याइयो भने उनीहरूलाई तुरुन्तै फिर्ता पठाउन सकिन्छ ।

यसका लागि हिरासतहरू प्रयोग गर्नु आवश्यक छ यद्यपि घर वा आवासमा नै नजरबन्द वैकल्पिक उपायहरू प्रयोग गर्न सकिने छ । कुनै पनि समयमा ३० हजारसम्म मानिसहरूलाई हिरासत केन्द्रहरूमा राख्न सकिन्छ । वार्षिकरूपमा एक लाख २० हजार आप्रवासीहरू इयू सदस्य राष्ट्र भएर शरणार्थीका लागि युरोप छिर्ने गरेको इयूको अनुमान रहेको छ । अभिभावक साथमा नभएका नाबालिकहरूले सुरक्षा जोखिमलाई ध्यानमा राख्दै उनीहरूलाई परिवारको साथमा राखिने छ ।

### प्रतिबद्धता संयन्त्र

नयाँ प्रणालीले इयूको तथाकथित डबलिन तेस्रो संयन्त्रमा सुधार ल्याउने छ, जसअन्तर्गत सामान्यतया, अनियमित आप्रवासी युरोप प्रवेश गरेको पहिलो बिन्दु रहेको देश उनीहरूको मुद्दा सम्हाल्न जिम्मेवार हुने छ । नयाँ नियमले हालैका वर्षहरूमा भूमि र समुद्री आगमनको ठूलो हिस्सा प्राप्त गरेका इटाली, ग्रीस र माल्टालाई थप तनाव दिनसक्ने अनुमान गरिएको छ ।

नयाँ नियमअनुसार पहिलो देशको जिम्मेवारीसम्बन्धी 'डबलिन तेस्रो सिद्धान्त' कायम राखिने छ, तर थप मापदण्डका साथ पहिलो देशले शरण खोज्नेको फाइल अर्को इयू देशमा सार्न सक्ने छ । अनिवार्य ऐक्यबद्धता संयन्त्रले सदस्य राष्ट्रहरूलाई इयूको बाहच किनारा देशहरूमा आउने शरणार्थी निवेदकहरूको निश्चित संख्यामा मात्र शरण दिन बाध्य पार्ने छ ।

यदि तिनीहरूले त्यसो गर्न चाहेनन् भने, ती अन्य देशहरूले यसको सट्टा आर्थिक सहयोग वा अन्य सामग्री वा कर्मचारीको सहयोग योगदान प्रदान गर्न सक्दछन् । प्रतिवर्ष कम्तीमा ३० हजार शरणार्थीहरूलाई नयाँ स्थानान्तरण प्रणालीअन्तर्गत प्रवेश नियन्त्रण गर्न सकिने छ ।

आतिथ्यताको सट्टा भुक्तानी गर्न रुचाउनेहरूका लागि वार्षिक ६० करोड युरो (करिब ६५ करोड अमेरिकी डलर) को वित्तीय क्षतिपूर्ति निर्धारण गरिने छ ।

### शरणार्थी वृद्धिपछिको प्रतिक्रिया

सन् २०१५/१६ मा २० लाखभन्दा बढी शरणार्थीहरू युरोपेली संघमा प्रवेश गर्दा इयूले सामना गर्नुपरेको संकटको सामना गर्नुपरेको थियो । उक्त समय युरोप पुग्ने अधिकांश शरणार्थी युद्धग्रस्त सिरिया र अफगानिस्तानबाट युरोप पसेका थिए ।

सन् २०२३ मा ११ लाख ४० हजार शरणार्थीले शरणका लागि निवेदन दिएका छन् र यो सन् २०१६ यताकै उच्च हो । अत्यधिक शरणार्थीको प्रवेशले सदस्य राष्ट्रहरूलाई शरण खोज्नेहरूका लागि आवश्य सुरक्षा प्रबन्ध गर्न समस्या हुने छ । यही कारण उनीहरू इयूको बाहच सीमामा रहेका हिरासत केन्द्रमा सामान्यतया अनुमति दिइएको भन्दा लामो समयसम्म राख्न सम्भव हुने छ ।

इयूका सदस्यहरू पनि बाहच देशहरूद्वारा आप्रवासी प्रवाहको 'उपकरणीकरण' लाई सम्बोधन गर्न चाहन्छन् । उदाहरणका लागि बेलारूस र रूसले आप्रवासीहरूलाई युरोपेली संघलाई अस्थिर तुल्याउन युरोपेली संघमा प्रवेश गर्न प्रोत्साहन गरेको आरोप लाग्दै आएको छ ।

### सुरक्षित तेस्रो देश

शरण खोज्नेहरूको जाँच गर्दा 'सुरक्षित तेस्रो देश' को अवधारणालाई अनुमति दिइने छ । सुरक्षाका लागि अनुरोध गर्न पर्याप्त मानिएको 'सुरक्षित' मानिएको देशमार्फत इयूमा आएकाहरूको इयू आवेदन अस्वीकृत हुन सक्ने 'सुरक्षित तेस्रो देश' को अवधारणाको उद्देश्य हो तर यसलाई लागू गर्नका लागि, शरण खोज्ने व्यक्ति र ट्रान्जिट देशबीच पर्याप्त सम्पर्क स्थापित गर्नु पर्दछ । *रासस/एएफपी*


## एभ्रिटाईम बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. ०५, कालोपुल, काठमाडौं, फोन नं. ०१-४५१६३४५, ४५१६३४६

**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना**

प्रकाशित मिति २०८०/१२/२९

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्थासँग कर्जा लिंदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने कर्जा रकम (साँवा, ब्याज तथा अन्य दै दस्तुर समेत) तिर्न बुझाउनको लागि निजलाई पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधि सँग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि संस्थालाई तिर्नु पर्ने कर्जा रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र प्रचलित कानून बमोजिम कानुनी कारवाही अवलम्बन गरी संस्थाको लेना रकम असुलउपर गरिनुका साथै कर्जा सूचना केन्द्रको कालो सुचिमा समेत नाम समावेश गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ । संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चलअचल सम्पत्तिबाट लेना बाँकी रकम असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ ।

**तपसिल**

| ऋणीको बिवरण | ऋणीको विवरण |
|---|---|
| ऋणी : मिलनराज पाण्डे<br>बाबुको नाम : सुदर्शनराज पाण्डे<br>बाजेको नाम : युक्ति प्रसाद पाण्डे<br>ठेगाना : खानीगाँऊ ३, नुवाकोट<br>नागरिकता नं. : ९४६५८<br>जारी जिल्ला : नुवाकोट  | ऋणी : सुधिर घिमिरे<br>बाबुको नाम : मुकुन्द प्रसाद घिमिरे<br>बाजेको नाम : नर नाथ घिमिरे<br>ठेगाना : मनमैजु ८, काठमाडौं<br>नागरिकता नं. : २७१६५३११९८८८<br>जारी जिल्ला : काठमाडौं  |
| ऋणी : निकेश श्रेष्ठ<br>बाबुको नाम : भुपेन्द्रमान श्रेष्ठ<br>बाजेको नाम : लिम्बुमान श्रेष्ठ<br>ठेगाना : बाह्रबिसे ९, सिन्धुपाल्चोक<br>नागरिकता नं. : २४१०११।२२९२<br>जारी जिल्ला : सिन्धुपाल्चोक  | ऋणी : पोषनाथ काफ्ले<br>बाबुको नाम : यमनाथ काफ्ले<br>बाजेको नाम : जगन्नाथ काफ्ले<br>ठेगाना : बागेश्वरी ४, भक्तपुर<br>नागरिकता नं. : १४६३८<br>जारी जिल्ला : भक्तपुर  |



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SQUAD SECURITY JOINT SERVICES (M) SB

पूर्व स्वीकृति मिति : २०८०/१२/०८ LT. No.302138 चलानी नं. ६०२१७००४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 79 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ देखि ८ गते (18-20 April 2024) सम्म हुनेछ ।

कम्पनी : AKAR SECURITY SERVICES (M) SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१२/०८ LT. No.302139 चलानी नं. ६०२१७००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 64 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ९ देखि ११ गते (21-23 April 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. 1365/074/75

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431

Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OK POP RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति: २०८०/१२/२८ LT No. 303370 चलानी नं. ६०२१८१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**

Govt. License 1553/079/80

Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,

Contact: 9847416116, Email: hiringalfaraz@outlook.com



## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXPERTISE CONTRACTING CO

पुर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. :303342 चलानी नं. ६०२१८१३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 60 | 0 | 1000 | ३५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAF RESTAURANT & CAFE COMPANY

पुर्व स्वीकृति मिति २०८०/१२/२७ LT. No. :303341 चलानी नं. ६०२१८१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 57 | 29 | 120 | ५१,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १,३६,८०० | प्रति तोला – १,३६१५० | प्रति तोला – १७०० |

## उद्योग वाणिज्य महासंघ साधारणसभा

# ‘मुलुकको आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्ध’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले उद्योगी-व्यवसायीलगायत लगानीकर्ताको मनोबल उच्च राख्दै मुलुकको आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघको ५८औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले वित्तीय प्रणालीको स्वस्थ र सबल नियमनलाई उच्च प्राथमिकतामा राख्ने र निजी क्षेत्रलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताए ।

निजी क्षेत्रका सम्पूर्ण संघसंस्था र प्रतिनिधिहरूलाई उच्च मनोबलका साथ अगाडि बढ्न अपिल गर्दै प्रधानमन्त्री दाहालले भने, ‘यहाँहरूले देखाउनुभएको चासो र मागलाई सम्बोधन गर्न सरकार र निजी क्षेत्रको बलियो एकता आवश्यक छ ।’

लगानी बढाउन र रोजगारी सृजना गरी उत्पादन बढाउन निजी क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राज्यका तीन वटै तहका सरकारले नीति तथा कार्यक्रम र बजेट निर्माणमा निजी क्षेत्रसँग समन्वय गर्दै आएको बताए ।

सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने, सन् २०२६ मा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने र द्रुत साथै सन्तुलित विकास र समृद्धि हासिल गर्ने दिशातर्फ नेपाल केन्द्रित भएको बताउँदै प्रधानमन्त्री दाहालले निर्धारित लक्ष्य हासिल गर्नका लागि सरकार र निजी क्षेत्र दुवैबाट हुने लगानी बिस्तार गर्नुपर्ने आवश्यकता औंल्याए ।




आगामी वैशाखमा हुन लागेको लगानी सम्मेलनलाई अधिकतम प्रभावकारी र परिणाममुखी बनाउन सरकार ठोस गृहकार्य र तयारीसहित अगाडि बढेको जानकारी दिए । प्रधानमन्त्री दाहालले भने, ‘देशमा लगानीको वातावरण निर्माण गरी लगानी भित्र्याउन हाम्रा नीति, कानुन, सोच, संरचना र कार्यशैलीमा धेरै चुनौती र सीमा छन् । त्यसलाई सम्बोधन गर्न सरकारले आवश्यक परे अध्यादेश नै ल्याएर भए पनि लगानी भित्र्याउन प्रतिकूल देखिएका ऐनहरू संशोधन गरी लगानीका लागि सरलीकृत नीति र प्रक्रियाका तयारी गरिएको छ ।’

सरकारले गरेको तयारीबाट लगानीका नयाँ-नयाँ क्षेत्रहरूको पहिचान र छनोट एवं प्रतिबद्धताबमोजिम लगानी भित्र्याउन महत्वपूर्ण योगदान पुग्ने सरकारको विश्वास रहेको प्रधानमन्त्री दाहालले बताए ।

सरकारको निरन्तर प्रयासका कारण अर्थतन्त्रका आन्तरिक र बाह्य सूचकहरू सकारात्मक बन्दै गएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले वित्तीय नीति र मौद्रिक नीतिबीच तादाम्य कायम एवं निजी क्षेत्रसँग बलियो सहकार्य अर्थतन्त्रका आधारभूत सूचकांकहरू सकारात्मक हुँदै जानु सुखद कुरा भएको बताए । उनले राष्ट्रिय आकांक्षा र आवश्यकताअनुरूप अर्थतन्त्रले अपेक्षित प्रगति हासिल गर्न बाँकी रहेको बताए ।

प्रधानमन्त्री दाहालले भने, ‘अर्थतन्त्र सुधारको प्रक्रियालाई तीव्रता दिनका लागि थप दृढताका साथ अगाडि बढ्न सरकार प्रतिबद्ध छ ।’ परम्परागत ढाँचाको नीति तथा कार्यक्रम र बजेटले देशको समृद्धि र रूपान्तरण सम्भव छैन भन्ने यथार्थ आत्मसात् गरी यस वर्ष सरकारले अध्यादेश नै ल्याएर बजेटसम्बन्धी नीति, ढाँचा र कार्यतालिका परिमार्जन गरेको बताउँदै प्रधानमन्त्री दाहालले यसपटक नीति तथा कार्यक्रममाथि जनप्रतिनिधिहरू, उद्योगी-व्यवसायीहरू, बुद्धिजीवीहरू र आम जनसमुदायका बीचमा गहन छलफल र अन्तरक्रिया हुने जानकारी दिए ।

‘सरकारले असीमित आकांक्षा र सीमित साधनस्रोतका बीच पनि वैज्ञानिक नीति-कार्यक्रम र बजेट तर्जुमा गर्नेछ’, प्रधानमन्त्री दाहालले भने, ‘यसलाई मैले आर्थिक क्षेत्रमा नयाँ क्रमभंगको एउटा महत्वपूर्ण आधारविन्दु मानेको छु ।’ परम्परागत सोच र कार्यक्रमबाट आम जनतामा आत्मविश्वास जगाउन र विद्यमान चुनौतीलाई अवसरमा बदल्न सम्भव नभएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आगामी नीति तथा कार्यक्रम र बजेटले उत्पादन र रोजगारी एवं कृषिजन्य उद्योगमा जोड लगाउनुपर्नेमा जोड दिए ।

‘आन्तरिक उत्पादन र रोजगारी बढ्न नसकेमा अन्य क्षेत्रका उपलब्धि दिगो रहन सक्दैन भन्ने कुरा यसअघि अन्य मुलुकको उदाहरणबाट देख्यौं, अहिले हामी आफैंले भोगिरहेका छौं । यसपटक यो समस्यालाई सम्बोधन गरिनेछ’, प्रधानमन्त्री दाहालले भने । खर्च हुन नसक्ने ठाउँमा थुप्रिएर रहेको आयोजना र बजेटलाई अर्थतन्त्रलाई सबलीकरण गर्ने र पूँजीगत खर्च बढाउने आयोजनातर्फ स्थानान्तरित गर्नेबारे सरकारले गृहकार्य गरिरहेको जानकारी दिए ।

# ‘अर्थतन्त्रमा समस्या रहेको स्वीकार गरेर निकास खोजौं’



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्र अझै समस्यामुक्त नभएकाले समस्यालाई स्वीकार गरेर नै समाधान खोज्नुपर्ने बताएका छन् । महासंघको ५८औं वार्षिक साधारणसभालाई यहाँ सम्बोधन गर्दै मुलुकको अर्थतन्त्र यसअघिको नियन्त्रणमुखी नीति तथा कार्यक्रमका कारण समयानुकुल विकास हुन नसकी समस्यामा पर्दै गएको बताए ।

पहिला देशको अर्थतन्त्रमा अझै समस्या छ भन्ने स्वीकार गरेपछि मात्र यसको समाधानको खोजी सहज हुने उहाँको भनाइ थियो । उनले भने, ‘अहिले आम्दानी र खर्चबीच तालमेल मिलेको छैन । मुलुकको खर्च धान्ने निजी क्षेत्र पखेटा फिँजाएर थप आर्जन गर्न खोजिरहेको छ, तर राज्यका तर्फबाट त्यसका लागि आवश्यक सेवा र सुरक्षा पाउन सकेको छैन । यो क्षेत्रले अहिले सरकारबाट प्रोत्साहन चाहेको छ । अहिलेको अवस्थामा निजी क्षेत्रलाई काम गर्ने वातावरण र अर्थतन्त्र सुधारका लागि राज्यका प्रभावकारी नीति आवश्यक छ ।’

केही समयअघि नेपाल पनि श्रीलंकाको जस्तो अर्थतन्त्रमा पुग्छ भन्ने त्रासले निकै नै नियन्त्रणमुखी कार्यक्रमहरू नेपाल सरकार तथा केन्द्रीय बैंकले अवलम्बन गरेका कारण अर्थतन्त्र यसरी संकुचन हुन पुगेको र अर्थतन्त्र सुधारका लागि दिगो कार्यक्रम अवलम्बन गर्न नसकिएको उहाँको भनाइ थियो ।

करिब दुई वर्षदेखि सुस्ताएको अर्थतन्त्रको रोग पहिचान गरेर त्यसको निदानका लागि मुलुकका सबै निजीक्षेत्रका तर्फबाट साझा सुझाव दिएको र ती सुझावहरू राज्यका सम्बद्ध निकायले लागू नगर्दा समस्या झन् बल्झिँदै गएको उनले बताए ।

अध्यक्ष ढकालले भने, ‘अहिलेको अवस्थामा मुलुकको अर्थतन्त्र सुधारका लागि राजनीतिक तहबाट त्यसलाई अपनत्व ग्रहण गरिदिनुपर्‍यो । कानुनी अड्चन हुन गएका अवस्थामा त्यसलाई सहजीकरण गरिदिनुपर्यो र वातावरणीय रूपमा दिगो कार्यक्रमहरू अवलम्बन गर्नुपर्यो ।’

उनले वित्तीय व्यवस्थापन खर्च पुँजीगत खर्चभन्दा झण्डै दोब्बर भएको अहिलेको अवस्थामा आन्तरिक स्रोत बढाउन सक्नुपर्ने र यसो गर्न नसकिएमा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै जाने क्रममा ऋणको भार थप बढ्ने सम्भावना देखिएको औंल्याए ।

निजी क्षेत्रले निर्वाध रूपमा लगानी गरेर काम गर्न पाएको अवस्थामा मात्र पछिल्लो दुई वर्षमा देखिँदै गएको न्यून आर्थिक वृद्धिको समस्या हल हुने उनको निष्कर्ष थियो ।

## कर्पोरेट

### जनउत्थान लघुवित्तको १४ औं वार्षिकोत्सव सम्पन्न




**काठमाडौं (प्रस)–** जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्थाको १४ औं वार्षिकोत्सव सम्पन्न भएको छ । संस्थाको केन्द्रीय कार्यालयको आयोजनामा १४औं वार्षिक उत्सव कार्यक्रम वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री बाबुराम बिश्वकर्माको अध्यक्षतामा तथा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालयका उपनिर्देशक जीवनप्रकाश पाण्डेको प्रमुख आतिथ्यतामा होटल न्यू इरा, बुटवल, रूपन्देहीमा सम्पन्न भएको छ ।

प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालयका उप निर्देशकले १४औं वार्षिकोत्सवको उपलक्ष्यमा शुभकामना दिदै नेपालमा रहेका लघुवित्तहरू मध्ये जनउत्थान सामुदायिक लघुवित्तको उदेश्य तथा लक्षित समुदाय अलि फरक रहेको बताए ।

कार्यक्रममा बोल्दै पछिल्लो समय बजारमा विभिन्न समुहहरूले लिएको ऋण तिर्नु पर्दैन राज्यले मिनाह गर्छ भन्ने खालका भ्रामक सन्देशहरू सम्प्रेषण गरेका छन त्यसका पछि नलागी आफूले लिएको ऋणको सही सदुपयोग गरी तिर्नु पर्ने साँवा तथा ब्याज समयमा तिरी एक असल ऋणीको पहिचान स्थापित गर्न सुझाव दिएका थिए ।

कार्यक्रममा सञ्चालक तथा पूर्वअध्यक्ष रेवन्त बहादुर विश्वकर्मा, सञ्चालक मान बहादुर विश्वकर्मा (एम.बी), संस्थापक जोगलाल विश्वकर्मा, संस्थापक माधव प्रसाद नेपाल, वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत सुनिल कुमार रायले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा बोल्दै वित्तीय संस्थाका अध्यक्ष बाबुराम बिश्वकर्माले १४औं वर्षसम्म यस संस्थालाई साथ र सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे ।

### नागरिक लगानी कोषको ‘सिआइटी स्मार्ट मोबाइल एप’ सञ्चालनमा




**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले ‘सिआइटी स्मार्ट मोबाइल एप’ सञ्चालनमा ल्याएको छ । यो मोबाइल एप एनड्रोइड तथा आइओएस भर्सनमा हेर्न सकिन्छ । यो भन्दाअघि एन्ड्रोइडमा मात्रै यो सुविधा रहेको थियो । कोषले सहभागीहरूको सहजताको लागी नयाँ परिष्कृत मोबाइल एप सञ्चालनमा ल्याएको हो ।

नयाँ मोबाइल एपसँगै पुरानो मोबाइल एपमा दर्ता भएका सहभागीहरूको युजर नेम र पासवर्ड परिवर्तन भएको छ । परिवर्तित युजर नेम र पासवर्ड सबै पुराना एप प्रयोगकर्ताको मोबाइलमा एसएमएसमार्फत जानकारी गराइ सकिएको छ ।

त्यसैगरी इ-सर्भिसमा दर्ता भएका सहभागीहरूलाई स्वतः नयाँ मोबाइल एपमा आबद्धता गराइएको छ । इ-सर्भिस पोर्टलकै युजर नेम र पासवर्ड मोबाइल एपमा लगइन गर्न सक्ने व्यवस्था कोषले गरेको छ ।

# बुर्तिबाङ सबस्टेसनको काम अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**ढोरपाटन (बागलुङ)–** पाँच वर्षअघि निर्माण सुरु भएको बुर्तिबाङ सबस्टेशनको काम अन्तिम चरणमा पुगेको छ । पश्चिम बागलुङलाई केन्द्रीय प्रसारण लाइनसँग जोड्न कपिलवस्तुको मोतिपुर-अर्घाखाँचीको सन्धिखर्क- गुल्मीको तम्घास-पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सबस्टेशनको काम अन्तिम चरणमा पुगेको हो ।



ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा निर्माणाधीन सबस्टेशनको काम ८० प्रतिशत सम्पन्न भएको ‘१३२ किलोभोल्ट बुर्तिबाङ सबस्टेशन आयोजना’ प्रमुख मनोज चौधरीले बताए । निर्माण पुरा हुनासाथ गुल्मीको तम्घासको सवस्टेशन आगामी वैशाख १९ गते तथा सोही जिल्लाको पौँदीअमराई र बागलुङको बुर्तिबाङ सबस्टेशन अगामी असारमा परीक्षण गर्नेगरी द्रुत गतिमा काम भइरहेको उनले बताए ।

आयोजना प्रमुख चौधरीले भने - ‘सबस्टेशन बनाउने र लाइन तान्ने काम निर्माण कम्पनीहरूले धमाधम काम गरीरहेका छन्, असारसम्म कुनै प्राविधिक अवरोध नभए परीक्षण गर्ने योजना छ, निर्माण कम्पनीलाई पनि असारभित्रमा काम सम्पन्न गर्ने ठेक्का दिइएको हो । अब फिल्डको काम मात्रै बाँकी छ, पौँदीअमराई र बुर्तिबाङमा एकैपटक परीक्षण हुन्छ ।’

सदरमुकाम बागलुङ बजार र आसपासका क्षेत्र केन्द्रीय प्रसारण लाइनले जोडिए पनि पश्चिम बागलुङमा केन्द्रीय प्रसारण लाइन पुगेको थिएन । नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले जिल्लाको पश्चिम क्षेत्रलाई प्राथमिकता दिएर लाइन विस्तार गर्दै आएको छ । अहिलेसम्म निसीखोला र तमानखोला भेग केन्द्रीय लाइनबाट जोडिएका छैनन तर प्राधिकरणले निसीखोला, तमानखोला र ढोरपाटन नगरपालिका धेरै स्थानमा पोल गाड्ने र तार तान्ने काम गरिरहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ